परिच्छेद –"क"

# परिचय

## १. सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) कस्तो कम्पनी हो ?

सिडिएससि कम्पनी ऐन २०६३ अन्तर्गत वि.सं. २०६७ साल पौष ७ गते धितोपत्रहरुको अभौतिकीकरण तथा धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट सेवा उपलब्ध गराउने उद्देश्यले स्थापना भएको कम्पनी हो। नेपाल स्टक एक्सूचेन्जको पूर्ण स्वामित्व रहेको यस कम्पनीको अधिकृत पूँजी रु. ५० करोड र जारी पूँजी तथा चुक्ता पूँजी रु.३० करोड रहेको छ।

## २. सिडिएससिको उद्देश्य के हो ?

सिडिएससिको मुख्य उद्देश्य धितोपत्रहरु (शेयर, अग्राधिकार शेयर, डिबेन्चर, बण्ड, सरकारी ऋणपत्रहरु आदि) अभौतिकीकरण गर्ने र खरिदकर्ताहरुको नाममा निक्षेप गरी कारोबारको अभिलेख राखी अद्यावधिक सेवा उपलब्ध गराउने रहेको छ।

## ३. सिडिएससिले प्रदान गर्ने सेवाहरु के–के हुन् ?

सिडिएससिले देहाय बमोजिमका सेवाहरु प्रदान गर्छ :

- धितोपत्रहरुको निक्षेप, भुक्तानी र हस्तान्तरण गर्ने,
- प्राथमिक बजारमा निष्काशन गरिने धितोपत्रहरु हितग्राहीको खातामा प्रत्यक्ष रुपमा अभौतिकीकरण गरी जम्मा गर्ने,
- धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट गर्ने,
- भौतिक रुपमा रहेका धितोपत्रलाई अभौतिकीकरण गरी विद्युतीय रुपमा सुरक्षित साथ राख्ने र पुस्तकीय प्रविष्टिको आधारमा सम्बन्धित हितग्राही खातामा डेबिट/क्रेडिट गरी हिसाब खाता तयार गर्न सहजता प्रदान गर्ने,
- इन्टरनेटको माध्यमबाट **मेरो शेयर** मार्फत् शेयर मौज्दात र पोर्टफोलियोको विवरण हेर्न, WACC, Holding Period र e-Dis प्रविष्टि गर्न र IPO/FPO/RIGHT खरिद आवेदन प्रविष्टि गर्ने लगायनका सुविधा प्रदान गर्ने,
- सार्वजनिक निष्काशन (IPO/FPO/RIGHT) सम्बन्धी कार्य गर्नका लागि Issue Manager, बैंक तथा वित्तीय संस्था र शेयर रजिष्ट्रारलाई आवश्यक सफ्टवेयर प्रदान गर्ने,

- सार्वजनिक निष्काशन (IPO/FPO/RIGHT) र संस्थागत गतिविधि तथा लाभको वितरण गर्ने,
- धितोपत्रको मूल्याङ्कन (Share Valuation) गर्ने,
- हितग्राहीहरुलाई धितोपत्रको धितो बन्धकी राख्न तथा बन्धकी रोक्का फुकुवाको सेवा प्रदान गर्ने,
- निष्काशनकर्ताहरुको धितोपत्रको हिसाबमिलान (Reconciliation) सेवा प्रदान गर्ने र अद्यावधिक विवरण उपलब्ध गराउने,
- धितोपत्रको घरायसी तथा अंशबण्डाको नामासारी र मृत्यू पश्चात् हकवालामा नामासारी गर्ने ।

**४. सिडिएससिका संलग्न पक्षहरु को–को हुन ?**

सिडिएससिका संलग्न पक्षहरु देहाय बमोजिमका छन् ः

- निक्षेप सदस्य (Depository Participant – DP)
- हितग्राही (Beneficial Owner-BO)
- रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि (Registrar and Transfer Agent – RTA)
- निष्काशनकर्ता (Issuer)
- राफसाफ सदस्यहरु (Clearing Members)
- सि-आश्वामा दर्ता भएका बैंक तथा वित्तिय संस्थाहरु (C-ASBA Registered Banks & Financial Institutions)

**५. नेपालको पूँजी बजारमा महत्वपूर्ण भूमिका भएका संस्थाहरु कुन कुन हुन् ?**

नेपालको पूँजी बजारमा महत्वपूर्ण भूमिका भएका संस्थाहरु निम्नानुसार छन् ः-

| | | |
|---|---|---|
| (क) नियामक निकाय | (ख) धितोपत्र बजार | (ग) केन्द्रीय निक्षेप सेवा |
| (घ) राफसाफ बैंक | (ङ) सदस्य दलाल | (च) राफसाफ सदस्य |
| (छ) राफसाफ गृह | (ज) धितोपत्र व्यापार | (झ) निष्काशन तथा बिक्री प्रबन्धक |
| (ञ) लगानी व्यवस्थापन | (ट) लगानी परामर्श | (ठ) सामूहिक लगानी कोष व्यवस्थापन |
| (ड) क्रेडिट रेटिङ्ग एजेन्सी | | |

परिच्छेद – "ख"

# केन्द्रिय निक्षेप सेवा सम्बन्धि

## (क) सामान्य जानकारी

**६. डिपोजिटरी भनेको को हो ?**

डिपोजिटरी भन्नाले धितोपत्र बजारमा सूचीकृत भएका तथा विद्युतीय रुपमा निक्षेप गर्न मिल्ने, वितरण वा बाँडफाँड भएका धितोपत्र वा वित्तिय उपकरणहरु सम्बन्धित धितोपत्र धनीबाट आफ्नो जिम्मामा लिई धितोपत्रधनीहरुको धितोपत्र सम्बन्धी हितग्राही खाता खोल्ने तथा धितोपत्र वा वित्तिय उपकरणहरुको नामसारी वा खातामा अभिलेख राख्ने कम्पनी हो ।

**७. अभौतिकीकरण (Dematerialization) भनेको के हो ?**

अभौतिकीकरण (डिम्याट्) भन्नाले कागजी अवस्थामा रहेको भौतिक धितोपत्रलाई विद्युतीय रुपमा प्रणालीमा अभिलेख राख्ने कार्य हो ।

**८. डिम्याट् खाता खोल्नुका उद्देश्यहरु के–के हुन् ?**

- भौतिक धितोपत्रहरुलाई विद्युतीय रुपमा परिवर्तन गर्न,
- नेपाल स्टक एक्स्चेन्जमा भएका धितोपत्रहरुको खरिद/बिक्री कारोबारहरुलाई अभौतिक रुपमा प्राप्त/हस्तान्तरण गर्न,
- IPO बाट प्राप्त धितोपत्रहरु वा संस्थागत गतिविधि जस्तैः हकप्रद निष्काशन, बोनस निष्काशन, मर्जर इत्यादिलाई अभौतिक रुपमा जम्मा गर्न,
- डिम्याट् खातामा ग्रहण गरेका अभौतिक धितोपत्रहरुको खाताको फाँटवारी प्राप्त गर्न,
- डिम्याट् खातामा भएका धितोपत्रहरुको धितो बन्धकी राख्न,
- डिम्याट् खातामा भएका धितोपत्रहरुको पुनःभौतिकीकरण गर्न ।

**९. पुनःभौतिकीकरण (Rematerialization) भनेको के हो ?**

पुनःभौतिकीकरण (रिम्याट्) भन्नाले विद्युतीय प्रणालीमा राखिएका धितोपत्रको अभिलेखलाई कागजी अवस्थामा परिवर्तन गर्ने कार्य हो ।

**१०. हितग्राही को हुन् ?**

हितग्राही भन्नाले DP मार्फत् सिडिएससिमा धितोपत्र वा उपकरण निक्षेप गर्न हितग्राही खाता खोलेका तथा विद्युतीय माध्यममा निक्षेप गर्न मिल्ने धितोपत्र वा उपकरण ग्रहण गरेका व्यक्ति हुन् ।

**११. निक्षेप सदस्य (Depository Participants- DP) को हुन् ?**

निक्षेप सदस्य भन्नाले नेपाल धितोपत्र बोर्डबाट दर्ता प्रमाणपत्र लिई सिडिएससिसंग सदस्यता लिएका धितोपत्र व्यवसायी वा संगठित संस्था हुन् ।

निक्षेप सदस्य हुनको लागि देहाय बमोजिमका योग्यता पूरा गरेको हुनुपर्छ :

- बैंक वा वित्तीय संस्था, धितोपत्र दलाल, रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि, कस्टोडियन वा अन्य यस्तै नेपाल धितोपत्र बोर्डबाट समय समयमा तोकिएका निकाय रहेको,
- नेटवर्थ कम्तीमा एक करोड रुपैयाँ रहेको,
- कर्जा सूचना केन्द्रको कालो सूचीमा नरहेको ।

**१२. निष्काशनकर्ता को हुन ?**

निष्काशनकर्ता भन्नाले धितोपत्र/उपकरण निष्काशन गर्ने संगठित संस्था हुन ।

**१३. रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि को हुन ?**

रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि भन्नाले कुनै संगठित संस्थाको तर्फबाट सो संस्थाले निष्काशन गरेका धितोपत्र तथा धितोपत्र धनीहरुको अभिलेख राखी धितोपत्र हस्तान्तरण तथा फिर्ता भुक्तानी लगायतका कार्य गर्ने व्यक्ति वा संगठित संस्था हुन् ।

**१४. ISIN भनेको के हो ?**

ISIN (International Securities Identification Number) भनेको निष्काशनकर्ताका धितोपत्रहरु डिपोजिटरी प्रणालीमा सूचीकृत गर्दा ती धितोपत्रहरुलाई दिइने १२-अंकको पृथक (Unique) अक्षर र अंकको मिश्रित संकेत (Alphanumeric Code) हो ।

**उदाहरणः**

**NP E 002 A 01 01 8**

NP → **नेपालको राष्ट्रिय कोड**

002 → **निष्काशनकर्ताको कोड**

**१५. BOID भनेको के हो ?**

हितग्राहीले सिडिएससिमा डिम्याट् खाता खोल्नका लागि DP मार्फत् सम्पूर्ण विवरणहरु प्रणालीमा प्रविष्टि गरेपछि प्रणालीबाट उत्पन्न हुने १६-अंकको पृथक परिचय नम्बर नै हितग्राही परिचय नम्बर (BOID) हो । BOID भविष्यमा गरिने सबै कारोबारहरुमा उल्लेख गर्नु पर्छ । BOID नक्कल गर्न सकिदैन । अर्थात् दुई हितग्राहीहरुको समान BOID हुन सक्दैन । जसले गर्दा गलत खातामा धितोपत्रहरु हस्तान्तरण हुन सक्दैन ।

**उदाहरणः**




**१६. एउटै निष्काशनकर्ताले जारी गरेका भिन्न प्रकारका धितोपत्रहरुको समान ISIN हुन्छ ?**

एउटै निष्काशनकर्ताले निष्काशन गरेका फरक फरक धितोपत्रहरुको ISIN फरक फरक हुन्छ ।

**१७. निक्षेप सदस्य (Depository Participants- DP) ले कुन–कुन सेवाहरु प्रदान गर्दछ ?**

DP ले देहाय बमोजिमका सेवाहरु प्रदान गर्दछ :

- हितग्राही खाता (डिम्याट् एकाउन्ट) खोल्ने,
- भौतिक धितोपत्रको अभौतिकीकरण गर्ने,
- अभौतिक धितोपत्रको पुनःभौतिकीकरण गर्ने,
- विद्युतीय रुपमा रहेका धितोपत्रहरुको व्यवस्थित रुपमा अभिलेख राख्ने,
- हितग्राहीका खातामा धितोपत्रहरु हस्तान्तरण गरी कारोबारहरुको फछ्र्यौट गर्ने,
- स्टक एक्स्चेन्ज भन्दा बाहिर हितग्राहीहरु बीच भएका बाह्य बजार कारोबारहरुको फछ्र्यौट गर्ने,
- निष्काशनकर्ताहरुले IPO वा अन्य तरिकाले बाँडफाँड गरेका धितोपत्रलाई हितग्राहीको डिम्याट् खातामा जम्मा गर्ने,
- निष्काशनकर्ताहरुले हितग्राहीलाई दिने गैह्र मौद्रिक संस्थागत लाभहरु (बोनस, हकप्रद शेयर आदि) लाई हितग्राहीका डिम्याट् खातामा जम्मा गर्ने,
- अभौतिकीकरण गरिएका धितोपत्रहरुको बन्धकी राख्ने कार्यमा सहजकर्ताको भूमिका निर्वाह गर्ने ।
- मेरो शेयर सम्बन्धी सेवा उपलब्ध गराउने ।

**१८. सिडिएससिले आफ्नो सेवा संचालनका लागि कुन सफ्टवेयर प्रयोग गर्छ ?**

सिडिएससिले केन्द्रीय निक्षेप सेवा, राफसाफ तथा फछ्र्यौट सेवा, लगानीकर्ताका लागि थप सेवा, सार्वजनिक निष्काशन सम्बन्धी सेवा, केवाईसी सम्बन्धी सेवाका लागि निम्न बमोजिमका सफ्टवेयरहरु प्रयोग गर्दछ ।

- Central Depository Accounting System (CDAS)- केन्द्रीय निक्षेप सेवा
- Clearing and Settlement (CNS) - राफसाफ तथा फछ्र्यौट सेवा
- मेरो शेयर - लगानीकर्ताका लागि थप सेवा (Investors Service)
- Centralized Application for ASBA Based Issuance (C-ASBA)- सार्वजनिक निष्काशन सम्बन्धी सेवा
- Centralized KYC (C-KYC)

उल्लेखित सफ्टवेयरहरु Tata Consultancy Services Ltd. India (TCS) मार्फत् निर्माण गरिएको हो । यी सफ्टवेयरहरु भारतको Central Depository Services (India) Ltd. (CDSL) र बंगलादेशको Central Depository Bangladesh Ltd. (CDBL) मा समेत प्रयोग गरिदै आएका छन् ।

**१९. सिडिएससिले आफ्नो प्रणालीका तथ्याङ्कहरु (Data) को सुरक्षाका लागि कस्तो सावधानी अपनाएको छ ?**

सिडिएससि प्रणालीमा भएका तथ्याङ्कहरु धेरै महत्वपूर्ण हुन्छन । सिडिएससिले तथ्याङ्कहरुको प्रसारण तथा भण्डारणको आवश्यक सुरक्षाका लागि सावधानी अपनाएको छ । यस प्रणालीले तथ्याङ्कहरुको अनाधिकृत पहुँच, दुरुपयोग र क्षतिबाट सुरक्षित राख्छ । सिडिएससिले तथ्याङ्कहरुको सुरक्षाका लागि देहाय बमोजिमका Back UP को व्यवस्था गरेको छ ।

- Local Back Up
- Remote Back Up
- Disaster Recovery Site
- यसका साथै हरेक DP ले प्रत्येक दिनका कारोबारहरुको समेत Back Up राख्ने गर्दछ ।

## (ख) डिम्याट् खाता खोल्ने सम्बन्धी

२०. **सिडिएससि प्रणालीमा निष्काशनकर्तालाई हुने फाईदाहरु के-के हुन् ?**

सिडिएससि प्रणालीमा निष्काशनकर्तालाई हुने फाईदाहरु देहाय बमोजिम छन् ः

- अभौतिक धितोपत्रहरुलाई हस्तान्तरण गर्दा लाग्ने समय र लागत न्यूनतम हुन्छ ।
- अभौतिकीकरण गरिएका धितोपत्रहरु हराउने, चोरी हुने, च्यातिएर नष्ट हुने र दुरुपयोग हुने जस्ता जोखिमहरुलाई हटाउने भएकाले कम्पनीलाई अनावश्यक मुद्दामामिला, लामो पत्राचार र उजुरी सम्हाल्ने झन्झटबाट मुक्त गराउँछ ।
- सबै प्रकारका गैह्र मौद्रिक संस्थागत गतिविधि तथा IPO/FPO लाई बिना झन्झट छिटो छरितो रुपमा डिम्याट् पद्धतिमा व्यवस्थित गराउँछ ।
- सिडिएससिको केन्द्रीकृत तथ्याङ्कको सहायताले कुनै पनि धितोपत्रको स्वामित्व ढाँचामा भएको परिवर्तनको जानकारी निष्काशन कम्पनीले सजिलै संग तुरुन्तै प्राप्त गर्न सक्छ । तसर्थ स्वामित्वमा भएको परिवर्तनलाई प्रभावकारी ढंगले अनुगमन तथा निगरानी गरी कुनै प्रकारका अनुचित कार्यको बारेमा कम्पनी समयमै सतर्क रहन्छ ।
- निष्काशनकर्ताले शेयर विभागको व्यवस्थापनमा लाग्ने समयलाई उल्लेख्य रुपमा बचत गर्न सक्छ । यसले सो विभागको कार्यभारलाई न्यूनिकरण गर्छ र बढी भएका मानवीय श्रोतलाई अन्य उत्पादनमूलक विभागमा प्रयोग गर्नका लागि व्यवस्थापनलाई सहयोग पुग्छ ।
- संस्थागत विद्युतीय मतदान प्रणाली (e-voting system for corporates) जस्ता नवीनतम प्रविधिले निर्वाचन समाप्त हुनासाथ परिणाम घोषणाको सुविधा प्रदान गर्नका लागि हुलाक मतपत्रसंग सम्बन्धित प्रशासनिक खर्च घटाउन पनि सहायता पुर्‍याउँछ । यस्ता आधुनिक प्रविधिबाट निष्काशनकर्ता कम्पनीहरु लाभान्वित हुन्छन् । यस्तो सेवा केन्द्रीय निक्षेप कम्पनीको माध्यमबाट प्राप्त गर्न सकिन्छ ।

२१. **के डिम्याट् खाता सोझै सिडिएससिमा खोल्न सकिन्छ ?**

डिम्याट् खाता सोझै सिडिएससिमा खोल्न सकिदैन । सिडिएससिले सदस्यता प्रदान गरेका DP मार्फत् डिम्याट् खाता खोल्न सकिन्छ ।

२२. **सिडिएससिमा एउटा डिम्याट् खाता भएको हितग्राहीले अर्को खाता खोल्न सक्छ ?**

सिडिएससिमा एउटा डिम्याट् खाता भएको हितग्राहीले अर्को डिम्याट् खाता खोल्न सक्छ तर एउटा हितग्राहीले बढीमा दुईवटा मात्र डिम्याट् खाता खोल्न सक्दछ ।

२३. **डिम्याट् खाता खोल्दा हितग्राहीलाई हुने लाभहरु के–के हुन् ?**


- **भौतिक प्रमाणपत्रहरुमा भएका जोखिम हटाउने** : धितोपत्रहरुलाई विद्युतीय रुपमा सञ्चित गरी राख्ने हुँदा भौतिक प्रमाणपत्रहरुमा हुने विविध जोखिमहरु जस्तैंः प्रमाणपत्रहरु ओसार प्रसार गर्दा प्रमाणपत्रमा हुने क्षति, प्रमाणपत्रहरु च्यातिने/नष्ट हुने डर, प्रमाणपत्रहरुको चोरी तथा प्रमाणपत्रहरुको प्रतिलिपि प्राप्त गर्दा लाग्ने लागत जस्ता समस्याहरु हटाउँछ ।
- **धितोपत्रहरुको तुरुन्तै हस्तान्तरण** : जब कुनै हितग्राहीले धितोपत्रहरु खरिद गर्छ, त्यस्ता धितोपत्रहरुलाई हितग्राहीको खातामा तुरुन्तै जम्मा गरिन्छ र खरिद गर्ने हितग्राहीले ती धितोपत्रहरुको वैधानिक रुपमा स्वामित्व प्राप्त गर्छ । धितोपत्रहरुको स्वामित्व हस्तान्तरण गराउनका लागि RTA समक्ष पठाउनु पर्ने कुनै आवश्यकता हुँदैन । साथै RTA को दर्ता पुस्तिकामा भएका धितोपत्रहरुको वैधानिक स्वामित्व प्राप्त व्यक्ति हुनका लागि लामो समय सम्म प्रतिक्षा गर्नु पर्दैन ।
- **शीघ्र फछ्र्यौट चक्र** : धितोपत्रहरुलाई कारोबार भएको २ दिन (T+2) को फछ्र्यौट चक्र अवधिमा अभौतिक रुपमा फछ्र्यौट गरिन्छ र फछ्र्यौट चक्र अवधिको अन्तिम दिनमा खरिदकर्ताको खातामा जम्मा गरिन्छ जसले गर्दा फछ्र्यौट चक्र शीघ्र हुने कुरा निश्चित हुन्छ ।
- **IPO द्वारा वितरित धितोपत्रको शीघ्र वितरण** : सिडिएससिमा खाता भएका हितग्राहीहरुलाई प्राथमिक निष्काशन कम्पनीले वितरण गरेका धितोपत्रहरु वितरण गर्नासाथ सम्बन्धित हितग्राहीको खातामा तुरुन्तै जम्मा गरिन्छ । जसले गर्दा हितग्राहीले निष्काशन कम्पनीबाट प्रमाणपत्र प्राप्त गर्न प्रतिक्षा गर्नु पर्दैन । यसले धितोपत्रहरुलाई स्टक एक्सचेन्जमा शीघ्र सूचीकृत गर्नमा सहयोग पुऱ्याउँछ ।
- **पोर्टफोलियो व्यवस्थापनमा सहजताः** हितग्राहीलाई खाताको विवरण आवधिक रुपमा प्रदान गरिने हुनाले आफ्नो पोर्टफोलियो व्यवस्थापन गर्न तथा आफ्नो धितोपत्रको बारेमा विस्तृत जानकारी सहज रुपमा प्राप्त गर्न सक्षम गराउँछ ।
- **ठेगाना परिवर्तनको समस्याको निदान** : हितग्राहीको ठेगाना परिवर्तन भएको अवस्थामा आफूले ग्रहण गरेका धितोपत्रहरुको बारेमा प्रत्येक निष्काशनकर्ता कम्पनीलाई छुट्टा छुट्टै रुपमा पत्राचार गरी जानकारी गराईरहनु पर्ने आवश्यकता हुँदैन । हितग्राहीले परिवर्तन

भएको ठेगाना DP समक्ष दर्ता गरे पुग्छ। ठेगाना परिवर्तन भएको कुराको जानकारी DP द्धारा हितग्राहीले धितोपत्र ग्रहण गरेका सबै कम्पनीहरुमा उपलब्ध गर्ने व्यवस्था गरिन्छ।

- **धितोपत्रहरुको बन्धकीमा सहजता** : अभौतिक रुपमा परिणत गरिएका धितोपत्रहरु बन्धकी राखिएको अवस्थामा त्यस्ता धितोपत्रहरु डिम्याट् खातामा बन्धकीको रुपमा रोक्का गरिन्छ र धितोपत्रहरुको बन्धकी राख्ने बेलामा बन्धकी राख्ने वा लिने कसैले पनि धितोपत्रहरुको स्थानान्तरण गर्नु पर्दैन।

२४. **डिम्याट् खाता कसरी खोलिन्छ ?**

डिम्याट् खाता खोल्ने कार्य बैंक खाता खोले जस्तै सरल छ। डिम्याट् खाता खोल्ने प्रक्रिया देहाय बमोजिम छ :




२५. **सबै धितोपत्रहरु एउटै डिम्याट् खातामा अभौतिकीकरण गर्न सकिन्छ ?**

एउटै हितग्राहीको नाममा दर्ता भएका सिडिएससिमा सूचीकृत सबै धितोपत्रहरु एउटै डिम्याट् खातामा अभौतिकीकरण गरेर राख्न सकिन्छ।

२६. **विभिन्न कम्पनीहरुका धितोपत्रहरु एउटै डिम्याट् खातामा राख्दा सबै एकै ठाँउमा मिसिन सक्छन् ?**

सक्दैनन् । किनभने विभिन्न धितोपत्रहरुलाई एक आपसमा छुट्टाउनका लागि प्रत्येक धितोपत्रलाई फरक फरक ISIN प्रदान गरिएको हुन्छ।

**२७. डिम्याट् खाता खोल्दा धितोपत्रहरुको कुनै मौज्दात (Balance) राख्नु पर्छ ?**

डिम्याट् खाता शून्य (Zero) मौज्दातमा खोल्न सकिने भएकोले न्यूनतम मौज्दात आवश्यक पर्दैन ।

**२८. DP ले प्रत्येक करोबार भए पश्चात् हितग्राहीको खातामा गरेको यथास्थिति (Update) को बारेमा हितग्राहीले जानकरी कसरी प्राप्त गर्दछ ?**

- हितग्रहीको आवश्यकता अनुसार DP ले जुनसुकै समयमा खाताको फाँटवारीबाट उपलब्ध गराउन सक्छ ।
- मेरो शेयर अनलाईन सेवा मार्फत् हितग्राहीहरुले आफ्नो खाताको विवरण कुनै पनि समयमा हेर्न सक्दछ ।

**२९. धितोपत्रहरुको स्वामित्वमा कुनै समस्या आएको खण्डमा के गर्नु पर्छ ?**

धितोपत्रहरुको स्वामित्वमा कुनै समस्या वा अवरोध आएको खण्डमा हितग्राहीले तुरुन्त आफ्नो DP मा सम्पर्क गर्नु पर्छ । उक्त समस्या समाधान हुन नसकेमा सिडिएससिमा सम्पर्क गर्नु पर्छ ।

**३०. हितग्राहीले आफ्नो डिम्याट् खाताको विवरण हराएमा के गर्नु पर्दछ ?**

हितग्राहीले आफ्नो डिम्याट् खाताको विवरण हराएको कुरा DP लाई तुरुन्त जानकारी गराउनु पर्दछ र विवरणको प्रतिलिपि जारी गर्नका लागि निवेदन पेश गर्नु पर्दछ ।

**३१. सिडिएससिका सबै DP हरुको खाताको विवरण सबै DP हरुले हेर्न सक्छन् ?**

एउटा DP ले अन्य कुनै DP का हितग्राहीहरुको खाता हेर्न सक्दैन । DP ले त्यस्ता खातामात्र हेर्न सक्छन जुन डिम्याट् खाता आफ्नो कम्पनीमा खोलिएको हुन्छ ।


## (ग) धितोपत्रहरूको अभौतिकीकरण

**३२. के अभौतिकीकरण गर्नु अनिवार्य छ ?**

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ ले निष्काशनकर्ताहरुलाई आफ्नो धितोपत्र निक्षेप गराउन तथा हितग्राहीहरुलाई धितोपत्र बजारमा कारोबार गर्नको लागि आफ्नो स्वामित्वमा भएका धितोपत्रहरुलाई अभौतिकीकरण गर्न अनिवार्य गरेको छ । साथै

कम्पनीले प्रदान गर्ने लाभांस सोझै आफ्नो खातामा प्राप्त गर्न अभौतिकीकरण गर्न आवश्याक छ ।

**३३. अभौतिकीकरणका प्रक्रियाहरु के–के हुन् ?**




**३४. हितग्राहीले पुँजी बजारमा कारोबार गर्नका लागि डिम्याट् खाता किन खोल्नु पर्छ ?**

हितग्राहीले आफ्ना धितोपत्रहरु अभौतिक रुपमा ग्रहण गर्दा तत्काल हस्तान्तरण गर्न सहयोग गर्छ । भौतिक रुपमा कारोबार तथा हस्तान्तरण गर्दा हुने जोखिमहरुलाई न्यूनिकरण गर्छ । नेपाल स्टक एक्सूचेन्जमा सूचीकृत भएका कम्पनीहरु सिडिएससिमा अनिवार्य रुपमा सूचीकृत हुनु पर्ने र यी कम्पनीका धितोपत्रहरुको फछ्र्यौट पनि अभौतिक रुपमा नै हुने भएकाले हितग्राहीले डिम्याट् खाता खोल्नु अनिवार्य छ ।

**३५. अभौतिकीकरण निवेदन फाराम (DRF) भर्ने बेला के धितोपत्रहरुको ISIN उल्लेख गर्नु अनिवार्य छ ?**

DRF भर्ने बेला धितोपत्रको ISIN उल्लेख गर्नु अनिवार्य छ । यदि हितग्राहीलाई ISIN थाहा छैन भने सो कुरा आफ्नो DP संग सम्पर्क गरी निश्चित गर्न सकिन्छ वा सिडिएससिको वेवसाईट www.cdsc.com.np बाट पनि प्राप्त गर्न सकिन्छ ।

**३६. प्रमाणपत्रको रुपमा भएका सबै धितोपत्रहरु जुनसुकै नाममा पनि अभौतिकीकरण गर्न सकिन्छ?**

कुनै एक व्यक्तिको नाममा दर्ता भएका धितोपत्रका प्रमाणपत्रहरु मात्र अभौतिकीकरण गर्न सकिन्छ। त्यस बाहेक त्यस्ता धितोपत्रहरु सिडिएससिमा अभौतिकीकरणका लागि सूचीकृत भएका धितोपत्रहरुको सूची अनिवार्य रुपमा हुनु पर्दछ।

**३७. कुनै व्यक्तिले आफ्नो नाममा भएको धितोपत्रहरु मध्ये केहीलाई अभौतिक रुपमा र केहीलाई भौतिक प्रमाणपत्रको रुपमै पनि राख्न सक्छ ?**

हितग्राहीले आफ्नो धितोपत्रहरु अभौतिक या भौतिक दुबै रुपमा राख्न सक्छ तर कारोबार गर्नु पर्ने भएमा अनिवार्य रुपमा अभौतिकीकरण गर्नु पर्दछ।

**३८. कुनै हितग्राहीले सिडिएससिमा सूचीकृत नभएका धितोपत्रहरु अभौतिकीकरण गर्न चाहेमा के गर्नु पर्दछ ?**

यस्तो अवस्थामा हितग्राहीले उक्त कम्पनीलाई धितोपत्रहरु सिडिएससिमा सूचीकृत गर्नका लागि अनुरोध गर्नु पर्दछ र ती धितोपत्रहरु सूचीकृत भइसकेपछि हितग्राहीले अभौतिकीकरण गर्न सक्छ।

**३९. के शेयरहरु बिजोर संख्या (Odd Lot) मा पनि अभौतिकीकरण गर्न सकिन्छ ?**

डिम्याट् पद्धतिमा एउटा शेयर नै मार्केट लट (Market Lot) हुने हुनाले बिजोर संख्यामा पनि शेयरहरु अभौतिकीकरण गर्न सकिन्छ।

**४०. के अभौतिकीकरण गरिएका शेयरहरुको कुनै विशेष प्रमाणपत्र नम्बरहरु हुन्छन् ?**

अभौतिकीकरण गरिएका शेयरहरुको कुनै विशेष प्रमाणपत्र नम्बर हुदैन। डिम्याट्मा सबै शेयरहरु पूर्णरुपमा परिवर्तनीय हुन्छन्। जसको मतलब कुनै कम्पनीका १०० कित्ता शेयर सोही कम्पनीको अन्य १०० कित्ता शेयर संग समान हुन्छन्।


**४१. अभौतिकीकरण कार्य पूरा गर्नका लागि कति समय लाग्छ ?**

अभौतिकीकरण कार्य निवेदन दिएको १० कार्य दिन भित्र पूरा हुन्छ। यदि सो अवधिमा पनि पूरा नभएमा आफ्नो DP वा सिडिएससिमा सम्पर्क गर्नु पर्दछ।

**४२. के धितोपत्रलाई विद्युतीय रुपबाट पुनःभौतिक रुपमा परिवर्तन गर्न सकिन्छ ?**

सकिन्छ । यस कार्यलाई पुनःभौतिकीकरण भनिन्छ।

**४३. पुनःभौतिकीकरणका प्रक्रियाहरु के-के हुन् ?**





**४४. के अभौतिकीकरण र पुनःभौतिकीकरण गर्दा कुनै प्रकारको शुल्क लाग्छ ?**

अभौतिकीकरण गर्दा हितग्राहीले DP लाई कुनै शुल्क तिर्नु पर्दैन तर पुनःभौतिकीकरण गर्दा DP लाई विनियमावलीमा तोकिएबमोजिम शुल्क तिर्नु पर्दछ।

**४५. अभौतिकीकरण (डिम्याट) भएका धितोपत्रको खरिद तथा बिक्रीको हस्तान्तरण गर्ने प्रकृया के हो ?**

अभौतिकीकरण गरिएका धितोपत्रहरु नेपाल स्टक एक्सचेन्ज लि. (नेप्से) मार्फत् बिक्री भएका धितोपत्र हितग्राहिले  कारोबार सम्पन्न भएका T+1 कार्य दिन भित्र आफ्नो निक्षेप सदस्य मार्फत सम्बन्धित राफसाफ सदस्यको पुल खातामा धितोपत्र जम्मा गर्नुपर्दछ। यो कार्य निर्देशन पुर्जी तथा मेरो शेयर पोर्टल मार्फत गर्न सकिन्छ। खरिद भएका धितोपत्र सम्बन्धित राफसाफ सदस्यले आफ्नो पुल खाताबाट हितग्राहिको खातामा जम्मा गर्नुपर्दछ।



**४६. T+2 भनेको के हो ?**

धितोपत्रको कारोबार र राफसाफ तथा फछ्र्यौट कार्य कारोबार भएको दिनदेखि ३ दिनमा पूरा हुन्छ। T+0 ले कारोबार भएको दिन, T+1 ले कारोबार रकम तथा धितोपत्रको Pay In र T+2 ले कारोबार रकम तथा धितोपत्रको Pay Out हुने दिनलाई जनाउछ। कारोबार भएको दिन बाहेक दुई कार्य दिनमा धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट हुने अवधिलाई (T+2) भनिन्छ। उदाहरणका लागि T+2 को फछ्र्यौट चक्र देहाय बमोजिम छः




**४७. फछ्र्यौट नम्बर कति अंकको हुन्छ ?**

फछ्र्यौट नम्बर १२ वटा अंकको हुन्छ।

**४८. निर्देशन पुर्जी भनेको के हो ?**

निर्देशन पुर्जी भनेको सिडिएससिमा खाता खोलेका व्यक्ति वा संस्थाले आफ्नो खातामा धितोपत्र जम्मा गर्न (क्रेडिट गर्न) वा आफ्नो खाताबाट धितोपत्र घटाउन (डेबिट गर्न) दिईने आदेश हो। यस पुर्जीमा हरेक हितग्राहीको आ-आफ्नो BOID नम्बर र निर्देशन पुर्जी नम्बर अग्रिम रुपमा छापिएको हुन्छ।

निर्देशन पुर्जीका सम्बन्धमा हितग्राहीहरुलाई देहाय बमोजिमका कुराहरुको जानकारी हुनुपर्छः

- निर्देशन पुर्जी पुस्तिका DP ले नै जारी गर्छ भन्ने कुराको हितग्राहीहरुमा जानकारी हुनुपर्छ,
- निर्देशन पुर्जी नम्बर अग्रिम रुपमा छापिएको हुन्छ,
- डिम्याट् खाता नम्बरको छाप अग्रिम रुपमा लगाएको हुन्छ,
- सम्पूर्ण विवरण हितग्राहीले निर्देशन पुर्जीमा राम्रोसंग भर्नु पर्छ,

- छुट्टा छुट्टै निर्देशन जस्तैं: आन्तरिक बजार, बाह्य बजार, हस्तान्तरण ईत्यादीका लागि छुट्टा छुट्टै निर्देशन पुर्जी जारी गर्नु पर्छ,
- DP ले छाप लगाई स्वीकार गरेको निर्देशन पुर्जीको प्रतिलिपि हितग्राहीले सुरक्षित साथ राख्नु पर्छ,
- निर्देशन पुर्जी प्रयोग नभएको अवस्थामा सुरक्षित साथ राख्नु पर्छ। यदि निर्देशन पुर्जी हराएमा हितग्राहीले आफ्नो DP लाई तुरुन्तै जानकारी गराउनु पर्छ,
- रिक्त निर्देशन पुर्जीमा हस्ताक्षर गरी कहिले पनि राख्नु हुँदैन।

### ४९. DRF रद्द हुने सम्भावित कारणहरु के–के हुन् ?

DRF रद्द हुने सम्भावित कारणहरु देहाय बमोजिम छन् :

- DRF मा आवश्यक विवरणहरु पूरा नभरेमा,
- DRF गलत निष्काशनकर्ता वा RTA को मा पठाएमा,
- विभिन्न Lock-in अवधि भएका धितोपत्रहरु एउटै DRF मा मिसाएमा,
- DRN (Demat Request Number) गलत उल्लेख गरिएमा।

### ५०. विद्युतीय निर्देशन पुर्जी (Electronic Delivery Instruction Slip – EDIS) भनेको के हो ?

ग्राहकले धितोपत्रको बिक्री गरे पश्चात् उक्त कारोबारको राफसाफ प्रयोजनका लागि सिडिएससिले ग्राहकलाई प्रदान गरेको सफ्टवेयर मार्फत् विद्युतीय रुपमा आफ्नो हितग्राही खाता रहेको निक्षेप सदस्यलाई सो खाताबाट बिक्रीकर्ता राफसाफ सदस्यको राफसाफ खातामा बिक्री गरेको धितोपत्र हस्तान्तरण गर्नका लागि जारी गर्न सक्ने विद्युतीय निर्देशनलाई सम्झनुपर्छ। EDIS को सुविधा लिनको लागि हितग्राहीले आफ्नो खाता रहेको निक्षेप सदस्यलाई विद्युतीय रुपमा निर्देशन पुर्जी जारी गर्नको लागि "**मेरो शेयर**" मार्फत् सिडिएससिले तयार गरेको सफ्टवेयर बमोजिम निवेदन दिन सक्नेछन्।

**EDIS सेवा प्राप्त गर्नेको लागि हितग्राहीले गर्नुपर्ने कार्यहरू :**

(१) सम्बन्धित निक्षेप सदस्य मार्फत् "**मेरो शेयर**" को Login लिनु पर्नेछ,

(२) हितग्राहीले EDIS जारी गर्ने सेवा प्रयोग गर्नु पूर्व आफ्नो हितग्राही खाताको विवरण आफुले कारोबार गर्ने सदस्य दलाललाई प्रदान गरी नेप्सेमा दर्ता भएको क्लाईन्ट कोडसँग म्यापिङ्ग गराउनु पर्नेछ,

(३) धितोपत्रको राफसाफ तथा फछ्र्यौट चक्र T+2 भएकोले लगानीकर्ताले आफूले बिक्री गरेको धितोपत्र T+1 भित्रमा नै EDIS गरी सक्नुपर्नेछ।

(४) हितग्राहीले आफुले बिक्री गरेको भन्दा कम संख्यामा धितोपत्र मौज्दात भएको अवस्थमा आंशिक रुपमा राफसाफ गर्नको लागि समेत EDIS जारी गर्न सक्नेछ।


## (घ) धितोपत्रहरूको बन्धकी

**५१. के डिम्याट् गरिएका धितोपत्रहरु बन्धकी राख्न सकिन्छ ?**

डिम्याट् गरिएका धितोपत्रहरु बन्धकी राखी वित्तीय संस्थाहबाट ऋण लिन सकिन्छ । साथै धितोपत्रहरु बन्धकी राख्ने प्रक्रियाहरु पनि सहज छन् ।

**५२. धितोपत्रहरु बन्धकी राख्ने प्रक्रिया के हो ?**


धितो बन्धकी लिने र दिने दुवैको सिडिएससिमा हितग्राही खाता अनिवार्य रुपमा हुनु पर्छ । बन्धकी राख्ने प्रक्रियाहरु देहाय बमोजिम हुन्छ ।




*PRF = Pledge Request Form

**५३. सिडिएससि प्रणालीमा धितोपत्रको बन्धकी फुकुवा गर्ने प्रक्रियाहरु के–के हुन ?**

सिडिएससि प्रणालीमा धितोपत्रको बन्धकी फुकुवा गर्ने प्रक्रियाहरु द्येहाय बमोजिम छन् :




*URF = Unpledge Request Form

**५४. बन्धकी राखिएका धितोपत्रहरुको संस्थागत लाभ कसले प्राप्त गर्छ ?**

बन्धकी राखिएका धितोपत्रहरुको संस्थागत लाभ बन्धकी दिने हितग्राहीले नै प्राप्त गर्छ । तर सो लाभहरु हितग्राहीको खातामा रोक्का हुन्छन् ।

## (ङ) संस्थागत गतिविधि र प्राथमिक सार्वजनिक निष्काशन

**५५. संस्थागत गतिविधि भनेको के हो ?**

संस्थागत गतिविधि भन्नाले निष्काशनकर्ताले दर्ता किताब बन्द गर्ने, साधारण सभाको मिति, अवधि पुरा गरेका धितोपत्रहरु बापत फिर्ता भुक्तानी गर्ने मिति, परिवर्तनीय विशेषता भएको ऋणपत्र तथा अधिकार पत्रको फेरबदल गर्ने मिति, लाभांश, ब्याज, बोनस शेयर, हकप्रद शेयर, अग्राधिकार बाँडफाँड, अधिकारपत्र जारी तथा भुक्तानी गर्ने मिति, प्रिमियमको फिर्ता भुक्तानी मिति साथै समय समयमा गर्ने यस्तै गतिविधिहरु हुन् ।

**५६. संस्थागत लाभ भनेको के हो ?**

हितग्राहीलाई निष्काशनकर्ताको तर्फबाट हितग्राहीले लिएको धितोपत्र बापत समय समयमा प्राप्त हुने लाभहरु जस्तैः लाभांश, ब्याज, बोनस शेयर, हकप्रद शेयर, अग्राधिकार बाँडफाँड, अधिकारपत्र, प्रिमियमको फिर्ता भुक्तानी तथा अन्य लाभलाई संस्थागत लाभ भनिन्छ ।

**५७. नगद लाभांश कसले भुक्तानी गर्छ ?**

नगद लाभांश निष्काशनकर्ता/RTA ले सोझै हितग्राहीलाई भुक्तानी गर्छ । हितग्राहीको बैंक खातामा नगद लाभांश निष्काशनकर्ता/RTA ले सोझै जम्मा गर्न सक्ने सुविधा सिडिएससिले प्रदान गर्न सक्छ ।

**५८. IPO भनेको के हो ?**


संगठित संस्थाले आफ्नो सेवा संचालनका लागि आवश्यक पूँजी संकलन गर्नका लागि धितोपत्र जारी गर्न सर्वसाधारण समक्ष विवरणपत्र प्रकाशन गरी आह्वान गरेको प्रस्तावलाई IPO भनिन्छ ।

**५९. IPO बाँडफाँटको नतिजा कसरी हेर्न सकिन्छ ?**


IPO बाँडफाँटको नतिजा सिडिएससिको अनलाईन पोर्टल https://iporesult.cdsc.com.np/ का साथै मेरो शेयर सेवा, Issue Manager तथा निष्काशनकर्ताको वेभसाइटबाट सजिलैसंग हेर्न सकिन्छ ।

**६०. IPO मा आवेदन गर्ने प्रक्रियाहरु के–के हुन् ?**


(क) IPO को लागि ASBA/C-ASBA बाट आवेदन दिनु पूर्व सिआरएन (C-ASBA Registration Number-CRN) लिने प्रक्रिया :




(ख) "मेरो शेयर" बाट Online आवेदन दिने प्रक्रिया :



(ग) C-ASBA मा दर्ता भएका बैंक तथा वित्तीय संस्था मार्फत् आवेदन दिने प्रक्रिया :




**६१. हितग्राहीले IPO फाराममा आफ्नो डिम्याट् खाताको विवरणहरु उल्लेख गर्नु पर्छ ?**

बाँडफाँड गरिएका शेयरहरु हितग्राहीले सोभै आफ्नो डिम्याट् खातामा जम्मा गर्नका लागि हितग्राहीले IPO फाराममा भएको छुट्टै भागमा माग गरेका विवरणहरु उल्लेख गर्नु पर्छ।

**६२. IPO को निवेदनमा डिम्याट् खाता नम्बर उल्लेख गर्दा गल्ती भएमा सो निवेदन रद्द गरिन्छ?**

IPO को निवेदनमा उल्लेख गरेको डिम्याट् खाता नम्बर सिडिएससिको C-ASBA प्रणालीमा प्रविष्टि गरी रुजु गर्ने गरिन्छ र गलत प्रविष्टि भएमा सो निवेदन स्वतः रद्द हुनेछ।

**६३. हितग्राहीले धितोपत्रहरु IPO को माध्यमबाट आफ्नो डिम्याट् खातामा जम्मा भएको छ भन्ने कुरा कसरी थाहा पाउन सक्छ ?**

हितग्राहीले धितोपत्रहरु आफूलाई बाँडफाँड गरिएको छ भन्ने कुरा देहाय बमोजिम जाँचबुझ गर्न सक्छ :

- सम्बन्धित कम्पनीले धितोपत्रहरु बाँडफाँडका सम्बन्धमा हितग्राहीलाई डिम्याट् खातामा पठाएको बाँडफाँड सूचना (Allotment Advice) मार्फत्,
- DP ले पठाएको खाताको विवरण बाट,

- हितग्राहीले सिडिएससिले प्रदान गर्ने “मेरो शेयर” को सदस्यता लिएको भएमा सो माध्यमबाट ।

**६४. हकप्रद र बोनस शेयर सोझै डिम्याट् खातामा जारी गर्न सकिन्छ ?**

हकप्रद र बोनस शेयर सोझै हितग्राहीको डिम्याट् खातामा जम्मा गर्न सकिन्छ ।

**६५. हकप्रद निष्काशनको फाराम कसले उपलब्ध गराउँछ ?**

भौतिक रुपमा वितरण गरे झै निष्काशनकर्ता/RTA ले हकप्रद फाराम सोझै हितग्राहीहरुलाई पठाउँछ । सिडिएससि र DP ले भने सो फाराम पठाउँदैनन् । अभौतिक रुपमा रहेका धितोपत्रहरुको हकप्रद C-ASBA सफ्टवेयर र C-ASBA मा दर्ता भएका बैंक तथा वित्तीय संस्थाहरु मार्फत् आवेदन दिन सकिन्छ ।

**६६. डिम्याट् खाता नभएका हितग्राहीले बाँडफाँड भएका हकप्रद/लाभांश अभौतिकीकरणको रुपमा जम्मा गर्नको लागि अनुरोध गरेमा कुन रुपमा प्राप्त गर्छ ?**

त्यस्तो अवस्थामा बाँडफाँड भएका हकप्रद/लाभांशहरु भौतिक रुपमा नै प्राप्त गर्छ ।

**६७. धितोपत्रहरु अभौतिक रुपमा निष्काशनका लागि निवेदन दिएमा बाँडफाँडमा कुनै प्राथमिकता दिइन्छ ?**

धितोपत्रहरुको निवेदन जुन सुकै रुपमा प्राप्त भएता पनि बाँडफाँडमा कुनै प्राथमिकता दिइदैंन । अभौतिक र भौतिक दुवै रुपमा हुने बाँडफाँडलाई समान रुपले हेरिन्छ ।

**६८. बाँडफाँड गरिएका धितोपत्रहरु हितग्राहीको डिम्याट् खातामा कहिले जम्मा गरिन्छ ?**

निष्काशनकर्ता/RTA ले तोकेको जारी मितिका दिन हितग्राहीको डिम्याट् खातामा धितोपत्रहरु जम्मा गरिन्छ ।

## (च) धितोपत्रहरूको घरायसी तथा मृत्यु पश्चातको नामसारी

**६९. धितोपत्रहरुको घरायसी तथा मृत्यु पश्चातको नामसारी भनेको के हो ?**

एकाघर परिवार भित्र धितोपत्रको स्वामित्व हस्तान्तरण गर्ने कार्य घरायसी नामसारी हो र मृत्यु भएका व्यक्तिहरुको खातामा भएका धितोपत्रहरु कानूनी हकवाला वा इच्छाएको व्यक्तिको खातामा हस्तान्तरण गर्ने कार्यलाई धितोपत्रहरुको मृत्यु नामसारी भनिन्छ। भौतिक धितोपत्रहरको हकमा कानूनी हकवाला/इच्छाएको व्यक्तिले धितोपत्रको स्वामित्व भएका प्रत्येक कम्पनीमा पत्राचार गर्नु पर्दछ । तर डिम्याट् खातामा भएका धितोपत्रहरुको हकवालामा नामसारीका लागि DP लाई आवश्यक कागजातहरु पेश गरी सहजै नामसारी गर्न सकिन्छ।

**७०. मृत्यु भएका व्यक्तिको नाममा रहेका धितोपत्र हकवालाले कसरी हकदावी गर्नु पर्छ ?**

धितोपत्र डिम्याट् खातामा अभौतिक रुपमा रहेमा हकवाला व्यक्तिले नामसारी निवेदन फारम (Transmission Request Form -TRF) का साथ देहायका कागजात संलग्न गरी मृतकको DP समक्ष निवेदन पेश गर्नु पर्छ भने भौतिक धितोपत्रको हकमा अभौतिकीकरणको निवेदन फारम (Demat Request Form – DRF) का साथ देहायका कागजात संलग्न गरी हकवालाको DP समक्ष निवेदन पेश गर्नु पर्छ :

- मृत्यु दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- मृतकको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- हकवालाको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- नाता प्रमाणित प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- हकवालाहरुको मञ्जुरीनामा (स्वयं उपस्थित भई दिनु पर्ने),
- DP ले सो निवेदनको वैधता जाँच गरी सही ठहराएमा धितोपत्रहरु हकवालाको नाममा हस्तान्तरण गर्नको लागि ३५ दिनको सूचनाको प्रतिलिपि सहित संलग्न गरी सिडिएससिमा अनुरोध पठाउँछ।
- सिडिएससिले उक्त कागजातको जाँचबुझ गर्दा उचित भएको यकिन गरि ३५ दिन पछि कुनै हकदावी नपरेमा प्रमाणित गरी सम्बन्धित हकवालाको खातामा हस्तारन्तरण गर्दछ।

**७१. अंशबंडाबाट प्राप्त धितोपत्रहरुको हकदावीको नामसारी कसरी गर्नु पर्छ ?**

हकवाला व्यक्तिले अभौतिक धितोपत्रको हकमा TRF का साथ दिने व्यक्तिको DP समक्ष र भौतिक धितोपत्रको हकमा DRF का साथ लिने व्यक्तिको DP समक्ष देहाय बमोजिमका कागजात संलग्न गरी निवेदन पेश गर्नुपर्छः

- लिने दिनेको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- मालपोत कार्यालय/अदालतबाट पास भएको लिखित प्रमाणित प्रतिलिपि,
- माग गरिएका अन्य आवश्यक प्रमाणित कागजात ।
- DP ले सो निवेदनको वैधता जाँच गरी सही ठहराएमा धितोपत्रहरु हकवालाको नाममा हस्तान्तरण गर्नको लागि अनुरोध पठाउँछ ।
- सिडिएससिले उक्त कागजातको जाँचबुझ गर्दा उचित भएको यकिन भएमा सोही दिन प्रमाणित गरी सम्बन्धित हकवालाको खातामा हस्तारन्तरण गर्दछ ।

**७२. एकाघर परिवार भित्रको तीन पुस्ता भित्र घरायसी नामसारी कसरी गर्नु पर्छ ?**

एकाघर परिवार भित्रको तीन पुस्ता भित्र घरायसी नामसारी गर्नका लागि देहाय बमोजिमका कागजात संलग्न गरी दिनेको DP समक्ष निवेदन पेश गर्नु पर्छ :

- शेयर नामसारी गरी दिने तथा लिने दुवैको अनुसूची बमोजिमको निवेदन,
- तीन पुस्ता भित्रको परिवार देखिने कागजात,
- शेयर दिने तथा लिने दुवैको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- डिम्याट् खाताको विवरण,
- शेयर लिने तथा दिने बीचको नाता प्रमाणित हुने प्रमाणपत्रको प्रतिलिपि,
- DP ले सो निवेदनको वैधता जाँच गरी सही ठहराएमा धितोपत्रहरु हकवालाको नाममा हस्तान्तरण गर्नको लागि अनुरोध पठाउँछ,
- सिडिएससिले उक्त कागजातको जाँचबुझ गर्दा उचित भएको यकिन भएमा सोही दिन प्रमाणित गरी सम्बन्धित हकवालाको खातामा हस्तारन्तरण गर्दछ ।

**७३. अदालतको फैसलाबाट हक हुन आउने धितोपत्रहरुको नामसारी कसरी गर्नु पर्छ ?**

अदालतको फैसलाबाट हक हुन आउने धितोपत्रहरुको नामसारीका लागि अभौतिक धितोपत्रको हकमा TRF का साथ दिने व्यक्तिको DP समक्ष र भौतिक धितोपत्रको हकमा

DRF का साथ लिने व्यक्तिको DP समक्ष देहाय बमोजिमका कागजात संलग्न गरी निवेदन पेश गर्नु पर्छ :

- फैसलाको प्रमाणित प्रतिलिपि,
- हक कायम गराई ल्याउनेको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- अदालतको चलान पुर्जी ।
- DP ले सो निवेदनको वैधता जाँच गरी सही ठहराएमा धितोपत्रहरु हकवालाको नाममा हस्तान्तरण गर्नको लागि अनुरोध पठाउँछ ।
- सिडिएससिले उक्त कागजातको जाँचबुझ गर्दा उचित भएको यकिन भएमा सोही दिन प्रमाणित गरी सम्बन्धित हकवालाको खातामा हस्तारन्तरण गर्दछ ।

## छ. डिम्याट् धितोपत्रहरूको पुनःभौतिकीकरण

**७४. पुनःभौतिकीकरणका लागि अनुरोध गरेमा अभौतिकीकरण गरेकै प्रमाणपत्रहरु प्राप्त गर्न सकिन्छ ?**

पुनःभौतिकीकरण अनुरोध प्राप्त गरेपछि निष्काशनकर्ता/RTA ले हितग्राहीको नाममा नयाँ प्रमाणपत्रहरु जारी गर्छ।

**७५. पुनःभौतिकीकरणको रुपमा जारी गरिएका प्रमाणपत्रमा नाम वा अन्य कुनै गल्ती भएमा हितग्राहीले कसलाई सम्पर्क गर्नु पर्छ ?**

त्यस्तो गल्ती भएमा हितग्राहीले निष्काशनकर्ता/RTA लाई सम्पर्क गर्नु पर्छ।

**७६. धितोपत्रहरु बिजोर संख्यामा पनि पुनःभौतिकीकरण गर्न सकिन्छ ?**

हितग्राहीले बिजोर संख्यामा भएका धितोपत्रहरु पनि पुनःभौतिकीकरण गर्न सक्छ।

परिच्छेद –"ग"

# राफसाफ तथा फछ्र्यौट सम्बन्धि

## क. सामान्य जानकारी

**७७. कस्तो धितोपत्रहरुलाई सिडिएससिमा निक्षेप गर्न सकिन्छ ?**

नेपाल धितोपत्र बोर्डमा दर्ता भएका संगठित संस्थाले जारी गरेका धितोपत्रहरु मात्र सिडिएससिमा निक्षेप गर्न सकिन्छ।

**७८. कस्तो धितोपत्रहरुलाई सिडिएससिमा राफसाफ गर्न सकिन्छ ?**

सिडिएससिमा अभौतिकीकरणका लागि दर्ता भई धितोपत्र बजारमा कारोबार भएका संगठित संस्थाका धितोपत्रहरु सिडिएससिमा राफसाफ गर्न सकिन्छ।

**७९. भौतिक रुपमा रहेका धितोपत्रहरु अभौतिकीकरण गरे पश्चात् कसको जिम्मामा रहन्छ ?**

भौतिक रुपमा रहेका धितोपत्रहरु अभौतिकीकरण गरे पश्चात् सम्बन्धित रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि वा निष्काशनकर्ताको जिम्मामा रहन्छ।

**८०. धितोपत्र खरिदकर्तालाई धितोपत्र कुन रुपमा प्राप्त हुन्छ ?**

धितोपत्र बजार मार्फत् धितोपत्र खरिद गर्दा खरिदकर्तालाई अभौतिक रुपमा प्राप्त हुन्छ।

**८१. दर्ता किताब बन्द भनेको के हो ?**

कम्पनी ऐन, २०६३ को दफा ४६ अनुसार तयार गरिएको दर्ता किताब अद्यावधिक गर्न खाता बन्द गर्ने कार्यलाई दर्ता किताब बन्द भनिन्छ। दर्ता किताब १ (एक) वर्षमा ४५ (पैंतालीस) दिन नबढाई एक पटकमा बढीमा ३० (तीस) दिन सम्म दर्ता किताब निरीक्षण बन्द गर्न सकिनेछ। दर्ता किताव बन्दको समयमा No Delivery Period (NDP) भनि उल्लेख गर्नु पर्ने हुन्छ।

### ८२. No Delivery Period (NDP) भनेको के हो ?

**"No Delivery Period (NDP)"** भन्नाले धितोपत्रको कारोबार हुने तर धितोपत्रको हस्तान्तरण नहुने अवधिलाई जनाउनेछ । यो अवधि दर्ता किताब बन्दको दिनबाट ३ कार्य दिन सम्म रहनेछ। शेयरधनी दर्ता किताब बन्द हुनु भन्दा १ दिन अगाडि सम्म सम्पन्न भएका कारोबारहरुका राफसाफ तथा फछ्र्यौट भएकै दिन या भोलिपल्टको कार्यालय समय भित्रमा सम्बन्धित खरिदकर्ता राफसाफ सदस्यले आफ्नो खातामा रहेका हितग्राहीको खातामा हस्तान्तरण गरी सक्नु पर्नेछ । सो अवधिमा कारोबार भएका धितोपत्रहरुको राफसाफ तथा फछ्र्यौट प्रक्रिया NDP को अन्तिम दिनको भोलिपल्ट शुरु हुनेछ। NDP को अन्तिम दिनको Beneficial Owner (BO) Holding Report को आधारमा हितग्राहीले संस्थागत लाभ पाउने भएकोले बिक्रीकर्ता राफसाफ सदस्यले सो अवधिमा सम्पन्न भएका कारोबारसँग सम्बन्धित धितोपत्रहरुलाई सो अवधिभित्र हितग्राहीको खाताबाट आफ्नो खाता (CM Pool Account) मा सार्नु हुँदैन ।

### ८३. दर्ता किताब बन्द गर्नुको उद्देश्य के हो ?


लगानीकर्ताले दोस्रो बजारमा खरिद गरिएको धितोपत्रलाई कम्पनीको शेयरधनी दर्ता किताबमा आफ्नो नाम अद्यावधिक गरी कम्पनीले प्रदान गरिएको लाभांश, बोनस शेयर, हकप्रद शेयरको हक कायम गर्न दिएको समयावधिलाई दर्ता किताब बन्द भनिन्छ। कम्पनीको शेयरधनी दर्ता किताबमा अद्यावधिक भएका शेयरधनीले कम्पनीले प्रदान गरेको संस्थागत लाभ प्राप्त गर्नु यसको उद्देश्य हो ।

### ८४. Rolling Settlement भनेको के हो ?

धितोपत्र बजारमा भएको कारोबारको राफसाफ तथा फछ्र्यौट T+2 भित्र हुन्छ । जस्तैः आईतबार भएको कारोबारको फछ्र्यौट मंगलबार सम्म हुन्छ र सोमबार भएको कारोबारको फछ्र्यौट बुधबार सम्म हुन्छ । यसरी हरेक कारोबारको फछ्र्यौट अघिल्लो कारोबारको फछ्र्यौट लगत्तै हुन्छ। कारोबारको यस्तो फछ्र्यौट प्रक्रिया नै Rolling Settlement हो ।

**८५. पूँजी बजार अन्तर्गत प्राथमिक तथा दोस्रो बजारमा हुने कारोबारको पद्दति कस्तो छ ?**

पूँजी बजार अन्तर्गत प्राथमिक तथा दोस्रो बजारमा हुने कारोबारको पद्दति देहाय बमोजिमको छ :




**८६. Delivery vs Payment (DvP) भनेको के हो ?**

धितोपत्र तथा रकमको हस्तान्तरण गरिने प्रविधि DvP हो। जसमा धितोपत्र कारोबार बापत हितग्राहीले दिनुपर्ने रकम तथा पाउनु पर्ने धितोपत्रको यकिन गरी रकम र धितोपत्र एकै पटक सम्बन्धित हितग्राहीहरुको खातामा पठाईन्छ। यो जोखिम व्यवस्थापनको लागि उपयुक्त पद्दति हो।

## ख. राफसाफ तथा फछ्र्यौट प्रणाली

**८७. राफसाफ तथा फछ्र्यौट प्रणाली भनेको के हो ?**

- राफसाफ तथा फछ्र्यौट प्रणाली भनेको धितोपत्र कारोबारमा संलग्न विभिन्न पक्षहरुले दिनुपर्ने तथा लिनुपर्ने दायित्व पहिचान गरी रकम तथा धितोपत्रको स्वामित्व हस्तान्तरण गर्ने प्रक्रिया हो ।

**८८. राफसाफ (Clearing) भनेको के हो ?**

- राफसाफ भनेको धितोपत्र बजारमा कारोबार सम्पन्न भए पश्चात् खरिदकर्ताले बुझाउनु पर्ने रकम तथा बिक्रीकर्ताले बुझाउनु पर्ने धितोपत्रको पहिचान गरी यकिन गर्ने कार्य हो । यो शब्दले कारोबार भए देखि धितोपत्र कारोबारको फछ्र्यौट सम्म हुने सम्पूर्ण प्रक्रियालाई जनाउँछ ।

**८९. फछ्र्यौट (Settlement) भनेको के हो ?**

- फछ्र्यौट भनेको धितोपत्र खरिदकर्ता र बिक्रीकर्ता सदस्य बीच कारोबर सम्पन्न भई धितोपत्र तथा रकम लेनदेन भएको कार्य हो ।

कारोबार → राफसाफ → फछ्यौंट

**९०. राफसाफ तथा फछ्र्यौट प्रणालीका उद्देश्यहरु के के हुन् ?**

- सदस्य दलालले धितोपत्र कारोबार गर्दा धितोपत्र तथा नगद हस्तान्तरण गर्ने क्रममा हुन सक्ने संभावित जोखिमहरुलाई न्युनिकरण गर्ने ।
- धितोपत्र बजारले तोकेको फछ्र्यौट समयमा धितोपत्र तथा रकमको हस्तान्तरण गर्ने ।
- पूँजीबजारमा तरलताको वृद्धि गर्ने ।

**९१. खरिदकर्ता को हुन् ?**

- खरिदकर्ता धितोपत्रको खरिद कारोबारका लागि आदेश दिने ग्राहक वा निजको तर्फबाट कारोबार गर्ने राफसाफ सदस्य हुन् ।

**९२. बिक्रीकर्ता को हुन् ?**

- बिक्रीकर्ता धितोपत्रको बिक्री कारोबारका लागि आदेश दिने ग्राहक वा निजको तर्फबाट कारोबार गर्ने राफसाफ सदस्य हुन् ।

**९३. ग्राहक को हुन् ?**

- ग्राहक धितोपत्रको खरिद बिक्री कारोबार गरी राफसाफ तथा फछ्र्यौट गर्न निर्देशन दिने व्यक्ति हुन् ।

**९४. राफसाफ गृह (Clearing House/CH) भनेको के हो ?**

- राफसाफ गृह सदस्यहरुको साझा प्रतिनिधि हो । राफसाफ गृहले सदस्यहरु बीच राफसाफ, धितोपत्रहरु प्राप्त गर्ने, हस्तान्तरण गर्ने र सदस्यहरु बीच कुनै करारको सम्बन्धमा दिनु वा लिनु पर्ने रकम प्राप्त गर्ने वा भुक्तानी दिने कार्य गर्दछ ।

**९५. राफसाफ सदस्य (Clearing Member/CM) को हुन् ?**

- राफसाफ सदस्य भन्नाले सिडिएससिले धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट गराउनका लागि अनुमति दिएको सदस्य हो । नेपाल स्टक एक्सचेन्ज लि. का सबै सदस्य दलाल सिडिएससिका राफसाफ सदस्य हुन् ।

**९६. राफसाफ बैंक (Clearing Bank/CB) भनेको के हो ?**

- राफसाफ बैंक भन्नाले धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट गर्न सिडिएससिले नियुक्त गरेको बैंक हो । राफसाफ सदस्यले राफसाफ बैंकमा राफसाफ खाता खोल्नु अनिवार्य छ ।

**९७. फछ्र्यौट चक्र भनेको के हो ?**

- फछ्र्यौट चक्र भनेको धितोपत्रको राफसाफ तथा फछ्र्यौट कार्य कारोबार भएको दिन बाहेक दुई कार्य दिन (T+2) भित्रको समयावधि हो ।
- पहिलो दिन : कारोबार गरेको दिन ।
- दोस्रो दिन : कारोबार गरेको भोलिपल्ट खरिद कारोबार भएका धितोपत्र बापत खरिदकर्ता सदस्य दलालले बुझाउनुपर्ने रकम बुझाउनुपर्छ र बिक्रीकर्ता सदस्य दलालले नामसारीका लागि आवश्यक धितोपत्र पेश गर्नुपर्छ ।
- तेस्रो दिन : बिक्रीकर्ताले रकम प्राप्त गर्ने र खरिदकर्ताले धितोपत्र प्राप्त गर्ने हो ।

**९८. "CM पूल एकाउन्ट" भनेको के हो ?**

- CM पूल एकाउन्ट भनेको राफसाफ सदस्यले धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट कार्यको लागि निक्षेप सदस्यमा खोलेको विद्युतीय खाता (डिम्याट् एकाउन्ट) हो ।

**९९. फछ्र्यौट परिचय नम्बर (Settlement ID) भनेको के हो ?**

- धितोपत्र बजारमा हरेक दिन हुने कारोबारको राफसाफ तथा फछ्र्यौट गराउनको लागि सिडिएससिले प्रत्येक दिनको कारोबारलाई १३ पृथक अंकको परिचय नम्बरले सम्बोधन गर्छ । उक्त पृथक परिचय नम्बर नै फछ्र्यौट परिचय नम्बर हो । प्रत्येक राफसाफ सदस्यले आफ्नो पूल एकाउन्टमा धितोपत्र जम्मा गराउँदा तथा पूल एकाउन्टबाट हितग्राहीको खातामा पठाउँदा उक्त फछ्र्यौट परिचय नम्बर उल्लेख गर्नुपर्छ ।

**१००. Pay-in भनेको के हो ?**

- धितोपत्र बजारमा सम्पूर्ण खरिदकर्ता तथा बिक्रीकर्ताले बुझाउनु पर्ने रकम तथा धितोपत्रहरुको गणना गरी राफसाफ सदस्ले सिडिएससिको पूल एकाउन्टमा जम्मा गर्ने प्रक्रिया नै Pay-in हो ।

**१०१. Pay-out भनेको के हो ?**

- सिडिएससिले आफ्नो पूल एकाउन्टमा जम्मा भएका रकम तथा धितोपत्रहरु बिक्रीकर्ता तथा खरिदकर्ताको पूल एकाउन्टमा जम्मा गर्ने प्रक्रिया नै Pay-out हो ।

**१०२. नेप्सेको कारोबार पद्दतिसँग सिडिएससिको राफसाफ तथा फछ्र्यौट पद्दति कसरी आवद्ध भएको छ ?**

- नेप्सेको कारोबार पद्दतिसँग सिडिएससिको राफसाफ तथा फछ्र्यौट पद्दतिलाई आवद्ध गराउनका लागि सिडिएससिमा एउटा API (Application Program Interface) को विकास गरिएको छ । उक्त API को माध्यमबाट नेप्सेमा हुने हरेक दिनको कारोबारको विवरण (Trade File) प्राप्त गरी सिडिएससिको राफसाफ तथा फछ्र्यौट प्रणालीमा प्रविष्टी गरिन्छ । उक्त कारोबार विवरणको आधारमा नै सम्पूर्ण कारोबारको राफसाफ तथा फछ्र्यौट गरिन्छ ।

**१०३. धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट कसरी हुन्छ ?**


➢ धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट तोकिएको निम्न पद्दति अनुसार हुन्छ :

(क) भौतिक रुपमा रहेको धितोपत्रको राफसाफ तथा फछ्र्यौट ट्रेड टु ट्रेडको आधारमा ।

(ख) अभौतिकीकरण गरिएको धितोपत्रको राफसाफ तथा फछ्र्यौट नेटिङ्ग प्रणालीको आधारमा ।

**१०४. भौतिक धितोपत्रको राफसाफ तथा फछ्र्यौट प्रक्रिया कसरी हुन्छ ?**


➢ भौतिक धितोपत्रको राफसाफ तथा फछ्र्यौट प्रक्रिया देहाय बमोजिम हुन्छ :




### १०५. अभौतिकीकरण गरिएका धितोपत्रको राफसाफ तथा फछ्र्यौट प्रक्रिया कसरी हुन्छ ?

➢ अभौतिकीकरण धितोपत्रको राफसाफ तथा फछ्र्यौट प्रक्रिया देहाय बमोजिम हुन्छ :

(क) रकमको Pay-in/Pay-out




(ख) धितोपत्रको Pay-in/Pay-out




### १०६. सिडिएससिले राफसाफ तथा फछ्र्यौट सेवाका लागि कुन सफ्टवेयर प्रयोग गरेको छ ?

➢ सिडिएससिले राफसाफ तथा फछ्र्यौटका लागि Clearing and Settlement (CNS) सफ्टवेयर प्रयोग गरेको छ। उक्त सफ्टवेयर वेभ प्रणालीमा आधारित (Web Based) सफ्टवेयर हो । जसलाई सिडिएससिको परामर्शदाता कम्पनी भारतको Central Depository Services (India) Limited को परामर्शमा TCS Limited (मुम्बई) ले तयार पारेको हो। सो सफ्टवेयर चार मुख्य निकाय नेप्से, राफसाफ सदस्य, राफसाफ बैंक र राफसाफ गृहसँग सम्बन्धित छ।

## (ग) कर तथा शुल्क

**१०७. पूँजीगत लाभकर भनेको के हो ?**

- नेप्सेमा सूचीकरण गरिएका धितोपत्रहरुको निसर्गबाट प्राप्त लाभमा कट्टा गरिएको कर पूँजीगत लाभकर हो।

**१०८. पूँजीगत लाभ निर्धारण कसरी गरिन्छ ?**

- पूँजीगत लाभको निर्धारण देहाय बमोजिम गरिन्छ :

पूँजीगत लाभ = (बिक्रीबाट प्राप्त रकम - बिक्री लागत) - (खरिद बापत भुक्तानी रकम + खरिद लागत)

**१०९. पूँजीगत लाभकर निर्धारण गर्दा कस्ता शुल्कहरु समायोजन गरिएका हुन्छन् ?**

- पूँजीगत लाभकर निर्धारण गर्दा देहाय बमोजिमका शुल्कहरु समायोजन गरिएका हुन्छनः

(क) बोर्ड कमिशन शुल्क,
(ख) निक्षेप सदस्य शुल्क,
(ग) दलाली शुल्क ।

**११०. निक्षेप सदस्य (डिपि) शुल्क कस्तो शुल्क हो ?**

निक्षेप सदस्यले डिम्याट् खातामा रहेको धितोपत्र अर्को डिम्याट् खातामा हस्तान्तरण गर्दा लिने दस्तुर नै डिपि शुल्क हो। धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ बमोजिम डिपि शुल्क हरेक हस्तान्तरणमा रु.२५ लिने व्यवस्था छ।

**१११. धितोपत्र लागतको भारित औषत (Weighted Average Cost of Capital - WACC) भनेको के हो ?**

लगानीकर्ताको स्वामित्वमा रहेको धितोपत्र मध्ये विभिन्न मितिमा विभिन्न तवरले खरिद गरेका कुनै एक कम्पनीको धितोपत्रको कुल लागतको भारित औषतलाई उक्त धितोपत्रको Weighted Average Cost of Capital अर्थात् WACC भनिन्छ।

**११२. WACC गणना गर्ने तरिका कस्तो हुन्छ ?**

WACC गणना गर्नका लागि देहायको उदाहरण प्रस्तुत गरिएको छ।

मानौं, कुनै लगानीकर्ताले **कखग** भन्ने कम्पनीको साधारण शेयर प्राथमिक निष्काशन मार्फत् रु.१००।- का दरले १०० कित्ता खरिद गरेको छ र सो को केही समय पश्चात् उक्त लगानीकर्ताले दोस्रो बजार मार्फत् रु.२५०।- का दरले थप १०० कित्ता खरिद गरेमा उक्त लगानीकर्ताको सो धितोपत्रको WACC यस प्रकार गणना गरिन्छ :

सुरुमा खरिद गरेको लागत : १०० X १०० = रु.१०,०००।-

पछि खरिद गरेको लागत : २५० X १०० = रु.२५,०००।-

जम्मा लागत : रु.३५,०००।-

जम्मा धितोपत्र : २०० कित्ता

उक्त लगानीकर्ताको सो कम्पनीको लागतको भारित औषत = $\frac{(१००X१००)+(२५०X१००)}{(१००+१००)}$

= रु.१७५।- (प्रति कित्ता)

यसरी उक्त लगानीकर्ताको स्वामित्वमा **कखग** कम्पनीको धितोपत्रको लागतको भारित औषत अर्थात् WACC रु.१७५।- हुन आउँछ।

**११३. लगानीकर्ताले WACC किन गणना गरिन्छ ?**

नेपाल सरकारले आर्थिक विधेयक, २०७६ मार्फत् आयकर ऐन, २०५८ को दफा ९५(क), को उपदफा (२) को खण्ड (क) बमोजिम लाभ गणना गर्दा जुन निकायको हित निःसर्ग हुने हो त्यस्तो निकायमा सो मितिमा सो व्यक्तिको स्वामित्वमा रहेको हितको भारित औषत लागतको आधारमा गर्नु पर्नेछ भन्ने व्यवस्था गरेकोले मिति २०७६/०४/०१ गते देखि बिक्री गरिएका धितोपत्रको पूँजीगत लाभकर गणना गर्दा हरेका लगानीकर्ताले बिक्री गरेको मितिमा आफ्नो स्वामित्वमा रहेको धितोपत्रको लागतको भारित औषत गणना गर्दा हरेक लगानीकर्ताले बिक्री गरेको मितिमा आफ्नो स्वामित्वमा रहेको धितोपत्रको लागतको भारित औषत गणना गरी सो को आधारमा पूँजीगत लाभकर गणना गर्नु पर्ने हुन्छ।

**११४. लगानीकर्ताले WACC गणना कहिले गर्नु पर्छ ?**

हरेक लगानीकर्ताले धितोपत्र बिक्री गर्दा आफ्नो स्वामित्वमा रहेको धितोपत्रको लागतको भारित औषत गणना गर्नुपर्छ।

**११५. सिडिएससिले लगानीकर्तालाई WACC गणना गर्न के सुविधा प्रदान गरेको छ ?**

सिडिएससिले संचालनमा ल्याएको **मेरो शेयर** पोर्टलमा रहेको My Purchase Source menu अन्तर्गत Purchase Source मार्फत् आफ्नो स्वामित्वमा रहेको धितोपत्रको नाम (Scrip) प्रविष्टि गरी सो धितोपत्रको WACC गणना गर्न सकिन्छ।

**११६. धितोपत्र बिक्री गर्दा पूँजीगत लाभकर गणनाका लागि आफ्नो राफसाफ सदस्यलाई आफ्नो धितोपत्रको WACC कसरी प्रदान गर्ने ?**

मेरो शेयर मार्फत् e-DIS प्रदान गर्ने लगानीकर्ताको हकमा e-DIS सँगै WACC को विवरण समेत सम्बन्धित राफसाफ सदस्यलाई प्रदान गर्ने व्यवस्था मिलाईएको छ। तर भौतिक निर्देशन पूर्जी जारी गर्ने लगानीकर्ताले स्वयं आफ्नो राफसाफ सदस्यकोमा गई आफ्नो धितोपत्रको WACC गणना गरी स्वःघोषणा गर्ने फाराम भर्नु पर्नेछ।

**११७. धितोपत्रको स्वामित्व अवधि (My Holdings) भन्नाले के बुझिन्छ ?**

नेपाल सरकारले आर्थिक अध्यादेश, २०७८ मार्फत् आयकर ऐन, २०५८ को दफा ९५(क), को उपदफा (२) को खण्ड (क) बमोजिम "बासिन्दा प्राकृतिक व्यक्तिका हकमा तीन सय पैसठ्ठी दिनभन्दा बढी अवधि स्वामित्वमा रहेको हितको लाभ रकमको पाँच प्रतिशत र तीन सय पैसठ्ठी दिन वा सो भन्दा कम अवधि स्वामित्वमा रहेको हितको रकमको सात दशमलव पाँच प्रतिशत" व्यवस्था गरेकोले मिति २०७८/०४/०१ गते देखि हुने सम्पूर्ण कारोबारहरुमा बिक्रीकर्ता बासिन्दा प्राकृतिक व्यक्ति भएको खण्डमा हरेक लगानीकर्ताले धितोपत्रको बिक्री कारोबार गर्दा पूँजीगत लाभकर गणना गर्नका लागि आफ्नो स्वामित्वमा रहेको धितोपत्रलाई स्वामित्व प्राप्त भएको मितिको आधारमा अल्पकालीन तथा दीर्घकालीन अवधिमा विभाजन गरि सो अनुसारको विवरण आफ्नो राफसाफ सदस्यलाई प्रदान गर्नु पर्नेछ भन्ने बुझिन्छ।

**११८. सिडिएससिले लगानीकर्तालाई स्वामित्व अवधि गणना गर्न के सुविधा प्रदान गरेको छ ?**

सिडिएससिले संचालनमा ल्याएको **मेरो शेयर** पोर्टलमा रहेको My Purchase Source menu अन्तर्गत My Holdings मार्फत् आफ्नो स्वामित्वमा रहेको धितोपत्रको नाम (Scrip) प्रविष्टि गरी सो धितोपत्रको स्वामित्व अवधि गणना गर्न सकिन्छ।

**११९. धितोपत्र बिक्री गर्दा पूँजीगत लाभकर गणनाका लागि आफ्नो राफसाफ सदस्यलाई आफ्नो धितोपत्रको स्वामित्व अवधि कसरी प्रदान गर्ने ?**

मेरो शेयर मार्फत् e-DIS प्रदान गर्ने लगानीकर्ताको हकमा e-DIS सँगै धितोपत्रको स्वामित्व अवधिको विवरण समेत सम्बन्धित राफसाफ सदस्यलाई प्रदान गर्ने व्यवस्था मिलाईएको छ। तर भौतिक निर्देशन पूर्जी जारी गर्ने लगानीकर्ताले राफसाफ सदस्यकोमा स्वयं उपस्थित भई आफ्नो धितोपत्रको स्वामित्व अवधिको स्वःघोषणा फाराम भर्नु पर्नेछ।

## घ. डिफल्ट

**१२०. राफसाफ तथा फछ्र्यौट कार्य तोकिएको समयमा सम्पन्न नगरेमा के हुन्छ ?**

राफसाफ तथा फछ्र्यौट कार्य तोकिएको समयमा सम्पन्न नगरेमा बजारको आवश्यकता एवं प्रकृति हेरी सिडिएससिले क्लोज आउट गर्नेछ ।

**१२१. क्लोज आउट (Close Out) भनेको के हो ?**

क्लोज आउट भन्नाले बिक्रीकर्ताले आफूले बुझाउनु पर्ने धितोपत्र फछ्र्यौट अवधि भित्र हस्तान्तरण नगरेमा सो बापत लिनु/दिनु पर्ने रकम तथा धितोपत्र हिसाब मिलान गर्ने कार्य हो । यसरी क्लोज आउट गर्दा बिक्रीकर्ता राफसाफ सदस्यले क्लोज आउट भएको कारोबार मुल्यको २० (बीस) प्रतिशत रकम थप गरी सिडिएससिमा बुझाउनु पर्नेछ । यसरी प्राप्त २०% रकममा २५ (पच्चीस) प्रतिशत आकस्मिक लाभकर (Windfall Gain Tax) कट्टा गरी सिडिएससिले बाँकी रकम खरिदकर्ता राफसाफ सदस्यको खातामा रकमान्तर गर्नेछ । क्लोज आउट बापतको रकम सम्बन्धित खरिदकर्ताले राफसाफ सदस्यलाई बुझाउनु पर्नेछ भने खरिदकर्ता राफसाफ सदस्यले क्लोज आउट बापत प्राप्त भएको रकम सम्बन्धित खरिदकर्ता लगानीकर्ताको खातामा रकमान्तर गर्नु पर्नेछ ।

**१२२. आंशिक क्लोज आउट भनेको के हो ?**

ग्राहकको खाताबाट धितोपत्र बिक्री गर्दा बिक्री गरेको परिमाण भन्दा कम संख्यामा धितोपत्र उपलब्ध भएमा सो बराबरको धितोपत्र राफसाफ तथा फछ्र्यौट गरी नपुग संख्या बराबरको धितोपत्र क्लोज आउट गर्नु पर्छ । क्लोज आउट गर्दा राफसाफ सदस्यले क्लोज आउट भएको कारोबार मुल्यको २० प्रतिशत रकम थप गरी बुझाउनु पर्छ ।

**१२३. Short Sale भनेको के हो ?**

आफूसँग उपलब्ध नभएको धितोपत्र बिक्री गर्ने कार्यलाई Short Sale भनिन्छ । यस्तो कारोबार गरेमा अवैधानिक हुनेछ ।

**१२४. बिक्रीकर्ताले खातामा धितोपत्रको मौज्दात नभई कारोबार गरेमा के हुन्छ ?**

बिक्रीकर्ताले खातामा धितोपत्रको मौज्दात नभई कारोबार गर्नु हुँदैन । यस्तो कारोबारको राफसाफ तथा फछ्र्यौट कार्य राफसाफ सदस्यले पनि गर्नु हुँदैन । यदि राफसाफ प्रक्रिया अगाडि बढाएमा सिडिएससिले त्यस्तो राफसाफ सदस्यलाई कारवाही गर्न सक्छ ।

**१२५. राफसाफ सदस्यलाई सिडिएससिले के कस्तो कारवाही गर्न सक्छ ?**

राफसाफ सदस्यलाई सिडिएससिलाई देहाय बमोजिमको कारवाही गर्न सक्नेछ :

(क) सचेत गराउने,

(ख) सुधारात्मक कार्यका लागि निर्देशन दिने,

(ग) राफसाफ तथा फछ्र्यौट कार्य गर्न रोक लगाउने,

(घ) राफसाफ सदस्यता निलम्बन वा खारेज गर्ने ।

## ङ जोखिम व्यवस्थापन

**१२६. सिडिएससिले जोखिम व्यवस्थापन गर्न के कस्ता विधिहरुको प्रयोग गर्न सक्छ ?**

सिडिएससिले जोखिम व्यवस्थापनकाको लागि प्रयोग गर्न सक्ने विधिहरु निम्नानुसार छन् :

(क) राफसाफ सदस्यबाट नगद धरौटी तथा Bank Guarantee लिने ।

(ख) फछ्र्यौट ग्यारेण्टी कोषको व्यवस्था गर्ने ।

(ग) Delivery Vs Payment पद्धति बमोजिम मात्र रकम र धितोपत्रको फछ्र्यौट गर्ने ।

**१२७. सिडिएससिले धितोपत्रको भित्री कारोबार, झुठो कारोबार र जालसाजी युक्त कारोबार भएको थाहा भएमा के कस्तो कारवाही गर्न सक्छ ?**

सिडिएससिले धितोपत्रको भित्री कारोबार, झुठो कारोबार र जालसाजी युक्त कारोबार भएको थाहा भएमा त्यस्तो कारोबारको राफसाफ तथा फछ्र्यौट निषेध गर्न सक्छ ।

**१२८. सिडिएससिले अधिकार प्राप्त निकाय वा व्यक्तिबाट कारोबार राफसाफ तथा फछ्र्यौट रोक्का राख्न लेखी आएमा के कस्तो कारवाही गर्न सक्छ ?**

सिडिएससिले अधिकार प्राप्त निकाय वा व्यक्तिबाट कारोबार राफसाफ तथा फछ्र्यौट रोक्का राख्न लेखी आएमा राफसाफ तथा फछ्र्यौट कार्य सरोकारवालाबाट फुकुवाको जानकारी प्राप्त नभए सम्म रोक्का राख्नेछ ।

**१२९. सिडिएससिको सम्बन्धित पक्षहरुसँग विवाद उठेमा कसरी समाधान गर्नेछ ?**

सिडिएससिको सम्बन्धित पक्षहरुसँग विवाद उठेमा मध्यस्थता समिति गठन गरी विवाद समाधान गर्नेछ ।

**लगानीकर्ताहरुले गर्न हुने र नहुने कुराहरू :**

**गर्न हुने :**

- क्रम संख्या र डिम्याट् खाता नम्बर पहिले नै छापिएका निर्देशन पूर्जी (Debit Instruction Slip-DIS) को पुस्तिका निक्षेप सदस्य (DP) बाट मात्र स्वीकार गर्नु पर्छ।
- सबै विवरणहरु जस्तैः धितोपत्रहरुको ISIN (अन्तर्राष्ट्रिय धितोपत्र परिचय नम्बर) सही ढङ्गले उल्लेख गर्नु पर्छ। यस सम्बन्धमा कुनै गुनासो भएमा कृपया आफ्नो मए वा दलाल सदस्यलाई सम्पर्क गर्नु होला।
- कृपया निर्देशन पुर्जी भर्ने बेलामा कुनै खाली ठाउँ भएमा धर्को तानी दिनु होला।
- निर्देशन पुर्जी रद्द गर्नु वा सच्याउनु पर्ने भएमा खातावालाले निर्देशन पुर्जीमा हस्ताक्षर गर्नु पर्छ।
- सबै किसिमका बजार कारोबारहरुको निर्देशन पुर्जी हस्तान्तरण मिति अगावै पेश गर्नु पर्छ। निर्देशन पुर्जी भावी जारी मितिमा पनि जारी गर्न सकिन्छ।
- धितोपत्र कारोबारको e-dis गर्नु परेमा बिक्री पश्चातको पहिलो कार्य दिन (T+1) भित्र गरिसक्नु पर्नेछ।
- कारोबार पश्चात e-dis गर्नु पहिला WACC र Short term/Long term holding छुट्टाउनु पर्नेछ।
- ठेगाना वा अन्य कुनै विवरण परिवर्तन गर्नु पर्ने भएमा आफ्नो DP लाई तत्कालै जानकारी दिनु पर्छ।
- प्रमाणपत्रहरु अभौतिकीकरण गर्नका लागि पेश गर्ने निर्णय गर्नु अगाडि आफ्नो DP सँग सम्बन्धित निष्काशनकर्ताको अभौतिकीकरणको अवस्थाका बारेमा जाँच गर्नु पर्छ।
- धितोपत्रहरु अभौतिकीकरणका लागि पेश गर्नु भन्दा अगाडि पेश गरिएका धितोपत्रहरुको सम्बन्धित क्रमसंख्याको अभिलेख राख्नु पर्छ
- आफ्नो DP लाई निर्देशन दिए बमोजिम आफ्नो स्वामित्व र कारोबारहरुको विवरण दुवै समयमा नै प्राप्त भएका छन् भन्ने कुरामा विश्वस्त हुनु पर्छ। आफ्नो कारोबारको विवरण प्रत्येक ३ (तीन) महिनामा आफ्नो DP बाट प्राप्त गर्नु हुन अनुरोध गरिन्छ।

- डिम्याट् खाता विवरण प्राप्त भएपछि आफ्नो विवरण जाँच गर्नुहोला । यदि अनाधिकृत रुपमा आफ्नो खाताको मौज्दात घटाउने वा जम्मा (Debit or Credit) गर्ने गरेको तथ्य थाहा भएमा स्पष्टिकरणका लागि आफ्नो DP लाई सम्पर्क गर्नु होला । यदि सो समस्या DP बाट पनि समाधान नभएमा सोझै सिडिएससिमा सम्पर्क गर्नु होला ।

**गर्न नहुने** :

- आफ्नो निर्देशन पुर्जीको पुस्तिका अन्य कुनै व्यक्तिलाई नछोड्नु होला ।
- निर्देशन पुर्जी बाहक चेक (Bearer Cheque) सरह हुने भएकाले खाली निर्देशन पुर्जीमा हस्ताक्षर नगर्नु होला ।
- केरमेट गर्ने, रद्द गर्ने, गलत शब्दको प्रयोग गर्ने, नाम र धितोपत्रको परिमाण परिवर्तन गर्ने जस्ता कुराहरु सके सम्म नगर्नु होला ।
- एक भन्दा वढी कम्पनीहरुको धितोपत्रहरु अभौतिकीकरणका लागि एउटै डिम्याट् अनुरोध फारम (DRF) प्रयोग नगर्नु होला ।
- मेरो शेयरको User Name / Password कसैलाई पनि नदिनु होला ।

परिच्छेद – "ङ"

# विविध

## थप नयाँ सेवाहरु तथा अन्तराष्ट्रिय सम्बन्ध

### १३०. मेरो शेयर (Mero Share)

हितग्राही अर्थात् लगानीकर्तालाई डिम्याट खाताको विवरण कागजरहित सजिलै आफूलाई चाहेको बेला जुनसुकै समयमा पनि उपलब्ध गराउन सिडिएससिले नयाँ Application "**मेरो शेयर**" को विकास गरेको छ। यो अनलाइन Application हो। यो ईन्टरनेटको प्रयोगबाट सजिलै घर मै बसेर हितग्राहीले आफ्नो अनुकूल समयमा आफ्नो डिम्याट खाताको विवरण Web Browser तथा Android Application बाट हेर्न सकिन्छ। "**मेरो शेयर**" को Portal मा लगानीकर्ताले आफूले लगानी गरेका धितोपत्रको नाम (Scrip Code), शेयरको संख्या (Current balance), अन्तिम कारोबारको मूल्य (Closing Price), अन्तिम कारोबार मूल्य अनुसार शेयरको मूल्य (Value as Per Closing Price), धितोबन्धकीको विवरण, कारोबारको विवरण, शेयरको पोर्टफोलियो जस्ता विवरणहरु हेर्न सकिन्छ। तथा "**मेरो शेयर**" बाट नै लगानीकर्ताले C-ASBA को माध्यमबाट सजिलै सार्वजनिक निष्काशन (IPO/FPO/RIGHT) मा खरिद आवेदन दिन, विद्युतीय निर्देशन पूर्जी (Electronic Delivery Instruction Slip - EDIS) दिन, धितोपत्रको कुल लागतको भारित औषत Weighted Average Cost of Capital (WACC) गणना गर्न तथा आफ्नो स्वामित्वमा रहेको धितोपत्रको स्वामित्व अवधि (My Holding) गणना गर्न आदि सेवाहरु लिन सकिन्छ।

### "मेरो शेयर" सेवाका लागि हितग्राहीले गर्नुपर्ने कुराहरु :

(१) डिम्याट खाता अनिवार्य रुपमा हुनु पर्नेछ।

(२) आफूले डिम्याट खाता खोलेको निक्षेप सदस्य (DP) मा गएर "**मेरो शेयर**" सेवाको लागि फाराम भर्नु पर्नेछ।

(३) फाराम सहित रु.५० शुल्क भुक्तानी गर्नु पर्नेछ। यो वार्षिक शुल्क हो।

(४) निक्षेप सदस्यले फाराममा उपलब्ध गराएको ईमेलमा User Name र Password पठाइनेछ।

(५) आफूले प्राप्त गरेको User Name र Password बाट "**मेरो शेयर**" मा Login गर्ने र Password Change गर्नुपर्नेछ।

(६) Login गरे पश्चात Transaction PIN सेट नगरेको अवस्थामा Transaction PIN सेट गर्नुपर्नेछ।

(७) आफ्नो खाताको विवरण हेर्न सक्नेछ।

(८) यदि Transaction PIN बिर्सेमा मेरोशेयरको Profile मा उपलब्ध Change Transaction PIN सुविधा प्रयोग गरेर नयाँ Transaction PIN सेट गर्न सक्नेछ वा आफूले खाता खोलेको निक्षेप सदस्य (DP) लाई नयाँ Transaction PIN को लागि अनुरोध गर्नु पर्नेछ।

(९) यदि Password बिर्सेमा मेरोशेयरमा उपलब्ध Forgot your Password? सुविधा प्रयोग गरेर नयाँ Password रिसेट गर्न सक्नेछ वा आफूले खाता खोलेको निक्षेप सदस्य (DP) लाई नयाँ Password को लागि अनुरोध गर्नु पर्नेछ।

(१०) लगानीकर्ताले मेरोशेयरमा उपलब्ध eSewa, Khalti, Prabhu Pay, IME Pay, connectIPS बाट मेरोशेयर तथा डिम्याट खाताको बार्षिक नविकरण गर्न सक्नेछ।

(११) लगानीकर्ताले मेरोशेयर सेवा हाल Web Browser तथा Android Application को माध्यमबाट प्रयोग गर्न सक्नेछ।

१३१. **Centralized Application for ASBA Based Issuance (C-ASBA) :**

नेपाल धितोपत्र बोर्डबाट लागू गरेको आस्वा प्रणालीमा आवद्ध पक्षहरुलाई थप सहजीकरण प्रदान गर्न तथा थप व्यवस्थित गर्न सिडिएससिले केन्द्रीकृत प्रणाली C-ASBA (Centralized Application for ASBA Based Issuance) नामक सफ्टवेयर विकास गरेको छ। धितोपत्र सार्वजनिक निष्काशनमा आवद्ध हुने सम्पूर्ण पक्षहरुलाई एकै प्रणाली मार्फत् निष्काशन तथा आवेदनको प्रविष्टि लगायतका कार्यहरु केन्द्रीकृत रुपमा यस सफ्टवेयर मार्फत् गर्न सकिन्छ। C-ASBA को प्रयोग सँगै हाल एक महिना भन्दा बढी समय लागिरहेको निष्काशन तथा बाँडफाँट प्रकृयालाई एक हप्ता भित्र सम्पन्न गरी लगानीकर्ताको डिम्याट खातामा जम्मा गर्न सकेको छ। नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम सार्वजनिक प्राथमिक निष्काशनमा C-ASBA अनिवार्य लागू गरिएको छ।

**C-ASBA सेवाका लागि लगानीकर्ताले गर्नुपर्ने कुराहरु :**

**(क) मेरो शेयरको Login नभएको खण्डमा :**

(१) डिम्याट खाता अनिवार्य रुपमा हुनु पर्नेछ।

(२) लगानीकर्ताले आफ्नो बैंक खाता भएको बैंकमा गएर बैंकले उपलब्ध गराएको C-ASBA Registration Number (CRN) सम्बन्धी फाराम भर्नुपर्नेछ।

(३) लगानीकर्ताले आफ्नो बैंक खाताको यथास्थितिबारे बैंकसँग बुझ्नु अति जरुरी छ। आफ्नो बैंक खाता Dormant अवस्थामा रहे बैंकलाई अनुरोध गरी Active गर्नु पर्नेछ।

(४) कुनैपनि कम्पनीको सार्वजनिक निष्काशन (IPO/FPO/RIGHT) मा लगानीकर्ताले आफ्नो बैंक खाता भएको बैंकमा गएर बैंकले उपलब्ध गराएको खरिद आवेदनमा धितोपत्रको किसिम, आफ्नो हितग्राहि खाता नम्बर, बैंक खाता नम्बर, खरिद गर्न चाहेको धितोपत्रको संख्या तथा रकम स्पष्ट सँग उल्लेख गरी पेश गर्नु पर्नेछ।

(५) धितोपत्रको खरिद आवेदन दिनु पूर्व आफ्नो बैंक खातामा आफूले खरिद गर्न चाहेको धितोपत्रका लागि आबश्यक रकम जम्मा रहेको र बैंकले उक्त रकम रोक्का राख्न सक्ने कुराको यकिन गर्नु पर्नेछ। साथै लगानीकर्ताले एक भन्दा बढि डिम्याट खाता बाट IPO/FPO मा आवेदन दिएमा सबै आवेदन रद्द हुने हुँदा दोहोरो डिम्याट् खाताबाट आवेदन दिनु हुँदैन।

(६) लगानीकर्ताले खरिद आवेदन प्रविष्टि गर्दा आफूले भरेको अंक र अक्षर राम्रो सँग रुजु गरी केरमेट गरिएको खण्डमा पुनः नयाँ फारम भर्नु पर्नेछ।

(७) लगानीकर्ताले प्रत्येक सार्वजनिक निष्काशनमा आफ्नो C-ASBA Registration Number (CRN) भएको बैंकमा गई आवेदन भरी पेश गर्नु पर्नेछ।

**(ख) मेरो शेयरको Login भएको खण्डमा :**

(१) डिम्याट खाता अनिवार्य रुपमा हुनु पर्नेछ।

(२) लगानीकर्ताले आफ्नो बैंक खाता भएको बैंकमा गएर बैंकले उपलब्ध गराएको CRN नम्बर सम्बन्धी फाराम भर्नु पर्नेछ।

(३) उक्त फाराम भर्दा लगानीकर्ताले आफ्नो बैंक खाताको स्थितिबारे बैंकसँग बुझ्नु अति जरुरी छ। आफ्नो बैंक खाता Dormant अवस्थामा रहे बैंकलाई अनुरोध गरी active गर्नु पर्नेछ।

(४) उक्त फाराम भरी पेश गरेपश्चात् बैंकले लगानीकर्तालाई CRN नम्बर उपलब्ध गर्नेछ। लगानीकर्ताको एक वा सो भन्दा बढी बैंक खाता भएमा प्रत्येक बैंकबाट CRN प्राप्त गर्न सक्नेछ।

(५) कुनैपनि कम्पनीको सार्वजनिक निष्काशन (IPO/FPO/RIGHT) मा लगानीकर्ताले मेरो शेयरमा Login गरी My ASBA menu अन्तर्गत Apply for Issue मा Click गर्नु पर्नेछ।

(६) त्यसपछि लगानीकर्ताले बैंक छनौट गरी खरिद गर्न चाहेको शेयर संख्या, रकम र CRN नम्बर टाइप गर्नु पर्नेछ।

(७) धितोपत्रको खरिद आवेदन दिनु पूर्व आफ्नो बैंक खातामा आफूले खरिद गर्न चाहेको धितोपत्रका लागि आवश्यक रकम जम्मा रहेको र बैंकले उक्त रकम रोक्का राख्न सक्ने कुराको यकिन गर्नु पर्नेछ। साथै लगानीकर्ताले एक भन्दा बढि डिम्याट खाता बाट IPO/FPO मा आवेदन दिएमा सबै आवेदन रद्द हुने हुँदा सो कुरामा ध्यान दिनु पर्नेछ।

(८) लगानीकर्ताले Transaction PIN (TPIN) विद्युतीय खरिद आवेदनमा भरी पेश गर्नु पर्नेछ।

(९) मेरो शेयर मार्फत आवेदन दिने लगानीकर्ताले मेरो शेयरमा उपलब्ध Check Application Report मेनु हेरेर आफ्नो खरिद आवेदनको स्थितिको जानकारी लिनु पर्नेछ।

(१०) यदि आफ्नो खरिद आवेदनको स्थिति आवेदन दिएको दोस्रो दिन सम्म पनि Unverified वा Rejected देखिएमा तत्काल आफ्नो बैंकमा सम्पर्क राखि सोको जानकारी लिनु पर्नेछ।

(११) सार्वजनिक निष्काशन बन्द नहुँदा सम्म लगानीकर्ताको बैंक खातामा रहेको रकम रोक्का नगरेको अवस्थामा वा खातामा रकम अपुग भएको कारणले आवेदन रद्द भएको अवस्थामा Re-Apply बटन क्लिक गरेर आफ्नो आवेदन संशोधन गरी पुनः आवेदन पेश गर्न सक्नेछ।

(१२) आवेदनको Status तथा Remarks ले निम्न अनुसारको अवस्थालाई जनाउँछ।

| | |
|---|---|
| **Status:** Unverified<br>**Remarks**: Block Amount Status - Unverified<br>(Application In-Process at Bank End) | तपाईको आवेदन सम्बन्धित बैंकमा पुगिसकेको छ तर बैंकले तपाईको बैंक खातामा रहेको रकम रोक्का गरेको छैन। |
| **Status:** Unverified<br>**Remarks:** Block Amount Status - Generated<br>(Applicatio In-Process at Bank End) | तपाईको खाता रहेको बैंकले तपाईको खातामा रकम रोक्का राख्नका लागि आन्तरिक कार्य गर्दैछ। |
| **Status:** Verified<br>**Remarks:** Block Amount Status - Amount Blocked | तपाईको बैंक खातामा तपाईले आवेदन गरे बमोजिमको रकम रोक्का राखी सकिएको छ। तपाईको आवेदन स्वीकृत भएको छ। |
| **Status:** Rejected<br>**Remarks:** Block Amount Status - Amount Rejected<br>(Insufficient balance) | तपाईको बैंक खातामा रकम रोक्का हुन नसकेकाले तपाईको आवेदन रद्ध भएको छ।<br>बिस्तृत जानकारीका लागि आफ्नो बैंकमा सम्पर्क राख्नुहोस्। |
| **Status:** Disqualify<br>**Remarks:** Disqualified due to duplicate application | तपाईले एक भन्दा बढी आवेदन दिएका कारणले तपाईको आवेदन रद्ध भएको छ। बिस्तृत जानकारीका लागि सम्बन्धित निष्कासन तथा बिक्री प्रवन्धक लाई सम्पर्क राख्नुहोस्। |
| **Status**: Allotted<br>**Allotted Quantity:** XXX<br>**Remark**: Block Amount Status – Amount Blocked | तपाईले आवेदन गरेको धितोपत्रको बाँडफाँट भैसकेको छ। तपाईलाई XXX कित्ता बाँडफाँट भएको छ। |
| **Status**: Not Allotted<br>**Remark**: Block Amount Status – Amount Blocked | तपाईले आवेदन गरेको धितोपत्रको बाँडफाँट भैसकेको छ। तपाईलाई धितोपत्र बाँडफाँट भएको छैन। |
| **Status**: Allotted<br>**Allotted Quantity:** XXX<br>**Remark**: Block Amount Status – Amount Released | तपाईले आवेदन गरेको धितोपत्रको बाँडफाँड भैसकेको छ। तपाईलाई XXX कित्ता बाँडफाँट भएको छ। तपाईको खातामा रोक्का राखिएको रकम मध्ये बाँडफाँट भएको रकम कट्टा गरी बाँकी रकम फुकुवा गरिएको छ। |
| **Status**: Not Allotted<br>**Remark**: Block Amount Status – Amount Released | तपाईले आवेदन गरेको धितोपत्रको बाँडफाँट भैसकेको छ। तपाईलाई धितोपत्र बाँडफाँट भएको छैन। तपाईको खातामा रोक्का राखिएको रकम फुकुवा गरिएको छ। |
| **Remarks:** Block Amount Status - Amount Released Failed | तपाईको खातामा रोक्का राखिएको रकम मध्ये बाँडफाँट भएको रकम कट्टा गरी बाँकी रकम फुकुवा हुन सकेन। बिस्तृत जानकारीका लागि आफ्नो बैंकमा सम्पर्क राख्नुहोस्। |

**१३२. विद्युतीय निर्देशन पूर्जी (Electronic Delivery Instruction Slip - EDIS)**

ग्राहकले धितोपत्रको बिक्री गरे पश्चात् उक्त कारोबारको राफसाफ प्रयोजनका लागि सिडिएससिले ग्राहकलाई प्रदान गरेको "**मेरो शेयर**" सफ्टवेयर मार्फत् विद्युतीय रुपमा आफ्नो हितग्राही खाता रहेको निक्षेप सदस्यलाई सो खाताबाट बिक्रीकर्ता राफसाफ सदस्यको राफसाफ खातामा बिक्री गरेको धितोपत्र हस्तान्तरण गर्नका लागि जारी गर्न सक्ने विद्युतीय निर्देशन पूर्जी (EDIS) लाई सम्झनु पर्छ।

**EDIS सेवा प्राप्त गर्नको लागि हितग्राहीले गर्नु पर्ने कार्यहरु :**

(१) सम्बन्धित निक्षेप सदस्य मार्फत् "**मेरो शेयर**" को Login लिनु पर्नेछ।

(२) हितग्राहीले EDIS जारी गर्ने सेवा प्रयोग गर्नु पूर्व आफ्नो हितग्राही खाताको विवरण आफूले कारोबार गर्ने सदस्य दलाललाई प्रदान गरी नेप्सेमा दर्ता भएको क्लाईन्ट कोडसँग म्यापिङ्ग (Client Code Mapping) गराउनु पर्नेछ।

(३) धितोपत्रको राफसाफ तथा फछ्र्यौट चक्र T+2 भएकोले लगानीकर्ताले आफूले बिक्री गरेको धितोपत्र T+1 भित्रमा नै EDIS गरी सक्नुपर्नेछ।

(४) लगानीकर्ताले आफूले बिक्री गरेको भन्दा कम संख्यामा धितोपत्र मौज्दात भएको अवस्थमा आंशिक रुपमा राफसाफ गर्नको लागि समेत EDIS जारी गर्न सक्नेछ।

**१३३. अन्तराष्ट्रिय संघ संस्थाहरु सँग सम्बन्ध (INTERNATIONAL RELATIONS)**

- World Forum of Central Securities Depositories (WFC)
- Asia-Pacific Central Securities Depository Group (ACG)
- Central Depository Services (India) Ltd. (CDSL)
- TATA Consultancy Services (TCS)
- Associations of National Numbering Agencies (ANNA)

# विषय सूची


| विषय | पेज नं. |
| --- | --- |
| परिच्छेद - "क" | |
| क. परिचय | १ |
| परिच्छेद - "ख" | |
| केन्द्रिय निक्षेप सेवा सम्बन्धी | |
| क. केन्द्रिय निक्षेप सेवा | ३ |
| ख. डिम्याट् खाता खोल्ने सम्बन्धी | ७ |
| ग. धितोपत्रको अभौतिकीकरण | १० |
| घ. धितोपत्रहरुको बन्धकी | १७ |
| ङ. संस्थागत गतिविधि र प्राथमिक सार्वजनिक निष्काशन | १८ |
| च. धितोपत्रहरुको घरायसी तथा मृत्यु पश्चात्को नामसारी | २२ |
| छ. अभौतिक धितोपत्र पुनः भौतिकीकरण | २५ |
| परिच्छेद - "ग" | |
| राफसाफ तथा फछ्र्यौट सम्बन्धी | |
| क. सामान्य जानकारी | २६-२८ |
| ख. राफसाफ तथा फछ्र्यौट प्रणाली | २९-३३ |
| ग. कर तथा शुल्क | ३४-३७ |
| घ. डिफल्ट | ३७-३८ |
| ङ. जोखिम व्यवस्थापन | ३८-४० |
| परिच्छेद - "घ" | |
| विविध | |
| थप नयाँ सेवाहरु तथा अन्तर्राष्ट्रिय सम्बन्ध | |
| क. थप नयाँ सेवाहरु तथा अन्तर्राष्ट्रिय सम्बन्ध | ४१-४७ |

CDSC